**स्तनपानः बालबालिकालाई वरदान**
- आमाको दूधमा बालबालिकालाई आवश्यक पर्ने पर्याप्त पानी र खनिज हुन्छ ।
- आमाको बिगौती दूधले बालबालिकालाई खोपसरहको काम गर्छ ।
- स्तनपानले शिशुको शारीरिक, मानसिक, बौद्धिक तथा सामाजिक विकासमा मदत गर्छ ।
- बजारमा पाइने प्याकेट दूध वा फर्मुला आमाको दूधजस्तो पोषिलो हुँदैन ।

*त्यसैले बालबालिकालाई स्तनपान गराऔं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com




निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०८० असार १५ गते शुक्रवार // मूत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 June 30 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३००

## मधेस प्रदेशमा चार प्रतिशत मात्र वनजङ्गल -वनमन्त्री पटेल

नरेश यादव, पर्सागढी, १४ असार/

मधेस प्रदेश सरकारका वनमन्त्री रमेश पटेलले मधेसमा चार प्रतिशत मात्र वन रहेको बताएका छन् ।




बिहीवार राष्ट्रिय वृक्षारोपण दिवसको अवसरमा डिभिजन वन कार्यालय, पर्साको आयोजना र सबैया साझेदारी वन कार्यालय, सबैयाको सहकार्यमा पर्सागढी नगरपालिका–३ स्थित आमोदेवी मन्दिर प्राङ्गणमा आयोजित वृक्षारोपण कार्यक्रममा उनले सो कुरा बताएका हुन् ।

वनमन्त्री पटेलले वृक्षारोपण गरेर वातावरणमा बढिरहेको तापमान घटाउन सकिने बताए । उनले बोटबिरुवाको विनाशका कारण आज तापक्रम बढिरहेको र समयमा पानी नपरेको बताए। वनविनाशको कारण आज स्वच्छ हावापानीको अभाव भएको बताए ।

उनले भने, "पानीको सतह धेरै तल गइसकेको छ। जसले गर्दा कृषि सिंचाइमा निकै समस्या भएको छ।" उनले हुलाकी सडकखण्डको दुवै छेउमा वृक्षारोपण गर्नुपर्ने सुझाव दिए । प्रत्येक पाँच किलोमिटर सडकमा वृक्षारोपण गर्ने प्रदेश सरकारको अवधारणा रहेको उनले बताए । वृक्षारोपण गरेर मात्र नहुने र त्यसको लागि हेरालुको पनि व्यवस्था गर्नुपर्नेमा उनले जोड दिए। लाखौं रकम खर्चेर वृक्षारोपण गरिए पनि सोको संरक्षण हुन नसकेको उनले बताए ।


तस्वीरः प्रतीक

मन्त्री पटेलले जुन ठाउँमा वृक्षारोपण हुन्छ, सोको हेरचाहको जिम्मा सोही ठाउँका स्थानीयलाई दिनुपने बताए ।

उनले मधेस प्रदेशमा सबैभन्दा बढी वनविनाश भइरहेको बताउँदै वनको जग्गा अतिक्रमण गरी बनाइएका घरटहरा हटाइ वृक्षारोपण गर्नुपर्ने बताए ।

सबैया साझेदारी वनका संयोजक लखनलाल साहको अध्यक्षतामा भएको कार्यक्रममा सहायक वन अधिकृत फरमान मियाँ, रामपुकार यादव, अनिल झा, वडा नं ४ का अध्यक्ष शेख खुर्सेद, प्रकृतिप्रेमी संरक्षणका अध्यक्ष जसपाल सिंह, आमोदेवी धार्मिक पर्यटनका अध्यक्ष खुशी चौधरी, फोरेस्टर पुरुषोत्तम पटेललगायतको सहभागिता थियो ।

## नितनपुरमा अवैध औषधिपसल सञ्चालन

प्रस, परवानीपुर, १४ असार/

बाराको जीतपुरसिमरा उपमहानगरपालिका–१० नितनपुरमा अवैध औषधिपसल सञ्चालनमा रहेको छ ।


तस्वीरः प्रतीक

विगत लामो समयदेखि चारवटा औषधिपसल विनाइजाजत सञ्चालन भइरहेको बुझिएको छ । नितनपुरको श्याम हेल्थ क्लिनिक, पाण्डेय प्राथमिक उपचार केन्द्र, खान मेडिकल, साहु मेडिकल गरी चारवटा औषधिपसल अनुमतिबेगर सञ्चालनमा छन् । औषधिपसल नियामक निकाय औषधि व्यवस्था विभाग, वीरगंजमा पटक–पटक उजूरी र गुनासो गरे पनि ती पसलहरूलाई अहिलेसम्म कारबाई भएको छैन ।

औषधिपसल सञ्चालकहरूको सेटिङमा औषधि व्यवस्था विभाग, क्षेत्रीय कार्यालय, वीरगंजका कर्मचारीलाई प्रभावमा पारी ती पसलहरू सञ्चालित छन् । औषधिपसल सञ्चालनको लागि इजाजत लिन डिप्लोमा इन फार्मेसी वा ब्याचर इन फार्मेसी उत्तीर्ण गरेका व्यक्तिले मात्र आवेदन दिन सक्छन् । तर ती पसलका सञ्चालकहरूले सिएमएसम्म मात्र पढेका छन् ।

केही दिनअघि औषधि व्यवस्था विभाग, क्षेत्रीय कार्यालय, वीरगंजको टोलीले नितनपुरका औषधिपसलहरूमा छापा मारेको थियो तर एउटा औषधिपसललाई मात्र सिल गरेको छ। बाँकी तीनवटा औषधिपसल अहिले पनि सञ्चालनमा रहेका छन् । यसअघि पनि वीरगंज कार्यालयले पटक–पटक छापामारी गरी पसलमा सिलबन्दी गर्ने गरेको र पछि आन्तरिक सेटिङमा आँखा चिम्लेपछि अवैधरूपमा औषधिपसल सञ्चालन हुँदै आएको छ ।

औषधि व्यवस्था विभाग, वीरगंज कार्यालयले अहिले श्याम हेल्थ क्लिनिकमा सिलबन्दी गरेको छ। यस विषयमा क्षेत्रीय कार्यालय वीरगंजका प्रमुख किरण बज्राचार्यले आफू भर्खरै सरुवा भएर आएकोले अवैध औषधिपसलहरूका बारेमा छानबीन गर्ने बताए ।

## वीरगंज भन्सारबाट मालवस्तुको आयात पातलियो
## दुई खर्ब ३७ अर्ब लक्ष्यमध्ये एक खर्ब ४२ अर्ब मात्र उठ्यो

प्रस, परवानीपुर, १४ असार/

वीरगंज भन्सार कार्यालयले सरकारले दिएको लक्ष्य अनुसार राजस्व सङ्कलन गर्न सकेन । वीरगंज भन्सारले चालू आवको ११ महीनामा अर्थात् जेठ मसान्तसम्म ६० प्रतिशत हाराहारीमा मात्रै राजस्व सङ्कलन गरेको छ ।




सरकारले चालू आवको जेठ मसान्तसम्म दुई खर्ब ३७ अर्ब ५८ करोड ६३ लाख ६२ हजार राजस्व लक्ष्य दिएकोमा वीरगंज भन्सारले ५९.९० प्रतिशत अर्थात् एक खर्ब ४२ अर्ब ३० करोड ४१ लाख ६२ हजार मात्र राजस्व सङ्कलन गरेको छ ।

आर्थिक मन्दीका कारण देशकै उद्योग–व्यवसाय प्रभावित बन्दा पछिल्लो समय भारत तथा तेस्रो मुलुकबाट आयातीत मालसामानको परिमाणमा कमी आउँदा राजस्व सङ्कलन प्रभावित भएको वीरगंज भन्सारका प्रमुख भन्सार अधिकृत धनबहादुर बरुवालले जानकारी दिए ।

झन्डै ४० प्रतिशत कम राजस्व सङ्कलन हुनु राज्यको लागि निकै चिन्ताको विषय हो, उनले भने, सरकारले गत आवभन्दा राजस्व लक्ष्य पनि बढाएको छ। त्यसमा पनि मालसामानको आयात ह्वात्तै घट्दा राजस्व सङ्कलनमा नकारात्मक असर परेको उनको दाबी छ । गत आव २०७८/७९ को जेठ मसान्तसम्म ११ महीनामा वीरगंज भन्सारले एक खर्ब ८५ अर्ब ६१ करोड ९५ लाख १९ हजार लक्ष्य पाएकोमा १०२ प्रतिशत अर्थात् एक खर्ब ८८ अर्ब ७८ करोड ६४ लाख १० हजार राजस्व सङ्कलन गरेको थियो ।

गत आवको राजस्व सङ्कलनसँग तुलना गर्ने हो भने चालू आवको जेठ मसान्तसम्म एघार महीनामा झन्डै ४६ अर्ब कम राजस्व सङ्कलन भएको देखिन्छ। वीरगंज भन्सारले चालू आवको साउनदेखि जेठ मसान्तसम्म भन्सार महसूलतर्फ ८९ अर्ब ३४ करोड २६ लाख ९६ हजार लक्ष्य पाएकोमा ५६.५३ प्रतिशत अर्थात् ५० अर्ब ५० करोड ४९ लाख ९४ हजार, मूल्य अभिवृद्धि कर (भ्याटतर्फ) ८९ अर्ब २० करोड ६३ लाख २० हजार लक्ष्य पाएकोमा ७१.६२ प्रतिशत अर्थात् ६३ अर्ब ८९ करोड ३७ लाख ७७ हजार, अन्तःशुल्कतर्फ २४ अर्ब ४० करोड ९६ लाख ७८ हजार राजस्व लक्ष्य पाएकोमा ३६.९९ प्रतिशत अर्थात् नौ अर्ब दुई करोड ९९ लाख ८२ हजार राजस्व सङ्कलन गरेको छ भने पूर्वाधार करतर्फ १९ अर्ब २४ करोड ६० लाख ५३ हजार लक्ष्य पाएकोमा ६५.२३ प्रतिशत अर्थात् १२ अर्ब ५५ करोड ३७ लाख आठ हजार, कृषि सुधार शुल्कतर्फ एक अर्ब ८८ करोड ८० लाख ८० हजार लक्ष्य पाएकोमा ७८.३९ प्रतिशत अर्थात् एक अर्ब ४८ करोड ८० हजार, सडक मरम्मत तथा सुधार दस्तुरतर्फ आठ अर्ब ६३ करोड ५८ लाख ४८ हजार लक्ष्य पाएकोमा ३७.२९ प्रतिशत अर्थात् तीन अर्ब २१ करोड ९९ लाख ६० हजार र सडक निर्माण तथा सम्भार दस्तुरतर्फ तीन अर्ब ६९ करोड ९४ लाख आठ हजार लक्ष्य पाएकोमा ३४.०१ प्रतिशत अर्थात् एक अर्ब २५ करोड ८२ लाख ३५ हजार गरी कुल दुई खर्ब ३७ अर्ब ५८ करोड ६३ लाख ६२ हजार वीरगंज भन्सारले लक्ष्य पाएकोमा एक खर्ब ४२ अर्ब ३० करोड ४१ लाख ६२ हजार राजस्व सङ्कलन गरेको छ ।

चालू आवको जेठ मसान्तसम्म वीरगंज भन्सारबाट हरियो २३ हजार ४६० (१६.९८ प्रतिशत), पहेंलो ४० हजार ९८२ (२९.६६ प्रतिशत) रातो ७३ हजार ७३० (५३.३६ प्रतिशत) वटा प्रज्ञापनपत्र जाँचपास भएका छन् भने गत आवको यसै अवधिमा हरियो ३५ हजार ४२४ (१९.५२ प्रतिशत), पहेंलो ५० हजार ९९१ (२८.१० प्रतिशत) र रातो ९५ हजार ४६ (५२.३८ प्रतिशत) वटा प्रज्ञापनपत्र जाँचपास भएका थिए ।

त्यसैगरी, चालू आवको जेठ मसान्तसम्म वीरगंज भन्सार नाका हुँदै आयात हुने उत्कृष्ट २० वटा मालवस्तुमा डिजेलको परिमाण १८.४९ प्रतिशत र त्यसबाट उठ्ने राजस्व २९.९७ प्रतिशतले कमी आएको छ भने पेट्रोलको परिमाण २.०६ प्रतिशत र राजस्व १०.१० प्रतिशतले कमी आएको देखिन्छ। एलपी ग्याँसको आयातमा १.२६ प्रतिशत कमी देखिएको छ भने त्यसबाट उठ्ने राजस्वमा ३२.०४ प्रतिशतले कमी आएको तथ्याङ्कमा उल्लेख छ । जीप, कार, भ्यानको आयातमा ६३.२९ प्रतिशतले गिरावट आएको छ भने त्यसबाट सङ्कलन हुने राजस्व ७५.३६ प्रतिशतले कमी भएको देखिन्छ। सुर्तीको आयातमा ३.९४ प्रतिशतले कमी भएको

(बाँकी अन्तिम पातामा)

## अतिक्रमति वन क्षेत्रमा वृक्षारोपण

प्रस, निजगढ, १४ असार/

'सन्ततिका लागि सोचौं, समृद्धि र हरियालीका लागि रूख रोपौं' नाराका साथ बिहीवार देशभरि मनाइएको राष्ट्रिय वृक्षारोपण दिवसको अवसरमा १६ हजार बिरुवा रोपण हुने भएको छ ।


तस्वीरः प्रतीक

वृक्षारोपण कार्यक्रममा कोल्हवी नगरपालिकाका वडाध्यक्षहरू नन्दकिशोर चौधरी, अनुप सुवेदी, सहायक वन अधिकृत जवाहरलालप्रसाद कुर्मी, इलाका प्रहरी कार्यालय, कोल्हवीका प्रमुख भोलामान सिंह अधिकारी, सशस्त्र प्रहरी सुरक्षा बेस, कोल्हवीका इन्चार्ज विश्वनाथ यादव, वन कर्मचारीलगायतले वृक्षारोपण गरेका थिए ।

कोल्हवी नगरपालिका–५ बोधवनमा वर्षौंदेखि अतिक्रमित वन क्षेत्रबाट २६ वटा घरटहरा हटाइ तत्काल करीब १० हेक्टर वन क्षेत्रमा उक्त सङ्ख्यामा महोगनी, टीक, बेल, नीम, अर्जुनालगायतका रूख र फलफूल प्रजातिका बिरुवा रोपण गरिने बोधवन वन पोस्टका इन्चार्ज एवं फरेस्टर मुकेश दासले जानकारी दिए । स्थानीय युवाहरूलाई परिचालित गरी अतिक्रमित वन क्षेत्रमा बिरुवा रोपण कार्यलाई अघि बढाइरहेको बताउँदै झाडी सफाइमा पनि स्थानीय महिला, पुरुषहरूलाई सहभागी गराइएको फरेस्टर दासले बताए ।

जिल्लाको वन क्षेत्रसँग जोडिएका स्थानीय तह कोल्हवी नगरपालिकाका बोधवन, रामवन, कोल्हवी, सपही, ककडी, जीतपुरसिमरा उपमहानगरपालिकाका पिलुवा, महेन्द्रनगर, सखुवाघाट, रामनगर, पथलैया, अमलेखगंज, चकरी, निजगढ नगरपालिकाका रतनपुरी, निजगढ, सिगौंललगायत गरी करीब १० हजार हेक्टर वन क्षेत्र वर्षौंदेखि अतिक्रमित भएको डिभिजन वन कार्यालय, बाराको तथ्याङ्कमा उल्लेख छ ।

अतिक्रमति वन क्षेत्रलाई पुनः वनमा फिर्ता ल्याइ वृक्षारोपण कार्यलाई अघि बढाउने प्रयासलाई निरन्तरता दिइरहेको डिभिजनल वन अधिकृत विनोद सिंहले जानकारी दिए ।

वन क्षेत्रको संरक्षणमा वन कर्मचारीभन्दा पनि स्थानीयहरू आफैं अग्रसर हुँदा यसको प्रत्यक्ष, अप्रत्यक्ष फाइदा स्थानीयवासीले नै पाउने वन अधिकृत सिंह बताउँछन् ।

## विचारसार र सूक्तिहरू

**श्रेष्ठ पुरुषहरूलाई धर्म, देश, जाति, मर्यादाको रक्षाको लागि सङ्गठित एवं एकत्रित गर्नु नै यज्ञ हो ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com
Website: eprateekdaily.com


# सन्तति सपारौं

**बालबालिकाले संस्कार सिक्ने पहिलो आधार आफ्नो घर, आमाबुबा तथा परिवार नै हो । दोस्रो आधार उसको किशोरावस्था बित्ने स्थल विद्यालय, तेस्रो आधार सामाजिक परिवेश र चौथो साथीसङ्गत हो । घरमा ठूलाले जे गर्‍यो साना नानीहरूले त्यही कुरा सिक्छन्, नक्कल गर्छन् । किसानका नानीहरू सानैदेखि खेती गरेको अभिनय गर्दै खेल्छन् । बाँसको काम गर्नेका बालबालिकाले बाँसको चोया काटेको र विभिन्न सामग्रीहरू निर्माण गरेको अभिनय गर्छन् । कलाकारका छोराछोरी अधिकांश कलाकार नै बन्ने गरेको पाइन्छ । सानैदेखि उनीहरूको मनमा जुन कुराको बीजारोपण भयो, उनीहरूले देख्ने सपना पनि त्यही हुन्छ । बालपनमा मनमा रोपिएका बीजहरू किशोरावस्थामा अङ्कुरण हुन्छन् । बालपनमा जुन वातावरण पाएको छ, किशोरावस्थामा पनि उही वातावरण पाएमा उसलाई थप बल पुग्छ । बालपनको र किशोरावस्थाको वातावरण छ भने युवावस्थामा पुग्दासम्म व्यवहार, लक्ष्य र विचार एकै रहने सम्भावना कम हुन्छ । त्यति बेला सामाजिक परिवेश र साथीसङ्गतको भूमिका महत्त्वपूर्ण रहन्छ ।**

**एउटा बालक असल वा खराब तथा सफल वा असफल बन्नमा ऊ आफू मात्रै पर्याप्त होइन । बालवस्थादेखि युवावस्थासम्म राम्रो वातावरण मिलेमा कमजोर बालक पनि सफल बन्न सक्छ । त्यसैगरी, यी सबै माहोल खराब फेला पर्‍यो भने जस्तोसुकै बालबालिका पनि अधिकांश खराब व्यवहारमा लाग्ने निश्चित छ । उनीहरूको बालपन र किशोरावस्था अभिभावककै हातमा हुन्छ । आफ्ना नानीबाबुलाई असल बाटोमा लगाउनु छ भने अभिभावकले सबैभन्दा पहिले आफ्नो व्यवहार सुधार्नुपर्छ । झैंझगडा, लफङ्गागिरी, चोरी, डकैती, ढाँट, छल, व्यभिचारी, ठगीतीको छाया पनि बालबालिकामा पर्न दिनुहुन्न । इमानदार तथा व्यावसायिक अभिभावक बन्ने प्रयास गरेमा बालबालिकाको भावनामा पनि स्वतः इमानदारिता र व्यावसायिकता पलाउँछ ।**

**बालपनपछि केही सिक्ने अवधि किशोरावस्था हो । अधिकांश बालबालिकाको किशोरावस्था विद्यालयमा बित्छ । यसर्थ विद्यालय छनोट अभिभावकको मुख्य प्राथमिकतामा रहनुपर्छ । विद्यालयको वातावरण र गुरुजनको व्यवहारबाट बालबालिकाले धेरै कुरा सिक्छन् । त्यसैले त उनीहरूले संसारमा सबैभन्दा ठूला, राम्रा, गतिला मान्छे आफ्ना बुबा र गुरु हुन् भन्ने ठान्छन् । तर समयमा बुद्धि नपुर्‍याउने अनि समय बितेपछि पछुताउने हाम्रो प्रवृत्ति छ । बच्चा जन्माउने, हुर्काउने र उसका आवश्यकताहरू पूरा गरिदिनु मात्रै आफ्नो कर्तव्य ठान्ने अभिभावकहरू बच्चाबच्चीलाई विद्यालय भर्ना गर्नु र पैसा तिर्नुलाई ठूलै काम गरेको भन्ठान्छन् । अझ आवासीय विद्यालयको छात्रावासमा राखेर बच्चा पढाउने अभिभावकहरू त अरूले भन्दा एक तह बढी नै आफूले काम गरेको सम्झन्छन् । विद्यालयका शिक्षक साथै त्यहाँका अन्य विद्यार्थीहरूको व्यवहार एवं विद्यालयको वातारण बुझ्ने फुर्सद अभिभावकसँग हुँदैन । बालपनमा अति ज्ञानी र परिश्रमी रहेकाहरू पनि युवावस्थामा पुगेपछि मानसिक रोगी बन्ने, अम्मलको लत लाग्ने तथा गलत सङ्गतमा फस्नेलगायतका विकृतिहरू देखिएका छन् । यसको मुख्य कारण विद्यालयको वातावरण नै हो । त्यसमा सामाजिक परिवेश र अवसरले टेवा पुर्‍याइरहेको हुन्छ । यसर्थ आज सन्तति बिग्रियो भनेर चित्त दुखाउनुभन्दा पनि अभिभावकको कमजोरी कहाँ रहयो भनेर समीक्षा गर्नु र पाठ सिक्नु उचित हुनेछ ।**

# आजभोलि दोसल्ला किन सस्तो हुँदैछ ?

आलेख



- तितीक्षु

**यदि स्वभाव, विचार र आचारमा निरन्तरता र निष्ठा छैन भने त्यो व्यक्ति दोसल्ला ओढ्ने ओढाउने काबिल छैन । सम्मानको पात्र पनि होइन । दुर्भाग्यवश आज नेपालमा बेसाहा महँगो छ, परन्तु दोसल्ला नितान्त सस्तो हुँदै जाँदैछ । आदर कदर भन्ने शब्द खिइँदै छ, दुब्लाउँदो छ ।**

पछिल्ला केही वर्षदेखि सामाजिक जीवनमा केही पृथक र भिन्न रङ्हरू पोतिएको प्रतीत भइरहेको छ । कुनै पनि सभा, समारोह होस्, सङ्घ-संस्थाका कार्यक्रम होस् वा राजनीतिक दलविशेषद्वारा आयोजित सार्वजनिक कार्यक्रमहरूमा पुष्पगुच्छा र दुई/चार जनालाई दोसल्ला ओढाउने कार्य प्रायः नियमित सूचीमैं परेको देखिन्छ । मानौं यदि कुनै सङ्घ-संस्था वा राजनीतिक दलविशेषले आफ्नो कार्यक्रममा अतिथिहरूलाई पुष्पगुच्छाले स्वागत गरेन र केही स्वनामधन्य व्यक्तिहरूलाई दोसल्ला ओढाएर सम्मान गरेन भने त्यस कार्यक्रमको खासै चर्चा नहुने मात्र नभई सम्बन्धित अतिथिहरूबाट पनि त्यस सङ्घ-संस्थाले आयोजना गरेको कार्यक्रम खासै आकर्षक र स्तरीय नरहेको टिप्पणी चियापसल र शहरका कफी कर्नरमा सुन्न पाइन्छ । यस पङ्क्तिकारलाई कुनै दिन बजारका पसलमा गएर सोध्न मन लाग्छ कि आजभोलि दोसल्ला सस्तो भएको हो ? सामान्यतया आयोजना हुने विभिन्न प्रकृतिका कार्यक्रमहरूको आआफ्नै महत्त्व र उपादेयता रहेको हुन्छ । त्यस सभा, समारोहले समाजलाई सम्बन्धित विषयबारे, सभाको गरिमा र त्यस सभा, गोष्ठी, छलफलमा अतिथिको पगरी गुँथेर आएकाहरू वर्तमान सामाजिक अवस्था, राष्ट्रिय जीवनका विभिन्न पक्षबारे आआफ्नो धारणा राख्ने र समाजलाई अग्रगति प्रदान गर्न आफ्नो भूमिका रहेको बखान गर्छन् । यो आफैंमा असल अभ्यास हो र यस्ता कर्मले सामाजिक रूपान्तरणका क्षेत्रमा मात्र नभई जीवनका हरेक पाटोमा सुधारात्मक सन्देशका साथ मानिसलाई जीवन्त र गतिशील बनाउने काममा थप सहयोग पुग्छ । समाज, देश कता गइरहेको छ ? समाजको भूमिका कसरी रेखाङ्कित हुँदैछ ? देश-परदेशका सञ्चालक, अगुवाहरू के गरिरहेका छन् ? बुझ्ने सशक्त र सार्थक माध्यम पनि हो- संवाद, गोष्ठी र अन्तरसंवाद । यस किसिमको सर्वाधिक चासो र गहनतम समारोहलाई पुष्पगुच्छा र दोसल्लामार्फत हलुको किन बनाउने ?

**पुष्पगुच्छा किन ?**

हाम्रो परम्परागत जीवनशैलीका अतीतमा गएर हेर्ने हो भने हामीकहाँ आउने अतिथि, पाहुना वा अभ्यागत जेसुकै नाम दिउँ, बडो विनम्र भावले स्वागत, अभिवादन गर्ने प्रचलन रहिआएको थियो । अतिथिको ओहदा अनुसार दुई हात जोडेर नमन गर्ने हो कि, शिर निहुर्‍याएर नमन गर्ने वा पाउमा दण्डवत् गर्ने तदनुरूप कार्य जसका घरमा पाहुना आएका हुन्छन्, त्यस घरका सदस्यहरूले गर्ने गर्छन् । जुन वर्षौंदेखि चलिआएको परम्परा हो । त्यसैगरी, केही वर्षअघि विभिन्न सामाजिक सङ्घ-संस्था वा राजनीतिक दलले, ती सङ्घ-संस्था र राजनीतिक दलहरूका कार्यक्रममा पनि पुष्पगुच्छा र बुके प्रयोग गरेको विरलै देखिने गर्थ्यो र दोसल्ला ओढाएर सम्मान गर्ने प्रचलन त अत्यन्तै न्यून हुन्थ्यो । दोसल्ला ओढाएर सम्मान गर्ने कुरा गहन विमर्श, छलफलपश्चात् ती व्यक्तिको समाजमा योगदान के छ ? छ भने त्यस योगदानले सामाजिक मूल्य-मान्यता र सामाजिक रूपान्तरणका क्षेत्रमा के कस्तो महत्त्व राखेको छ वा त्यसको उपयोगिता कति थियो, त्यसका आधारमा गरिन्थ्यो । अन्यथा नमस्कार, अभिवादन गरेर स्वागत गरिन्थ्यो । यथार्थमा त्यो परिपाटी नै उपयुक्त थियो कि जस्तो लाग्छ । आत्मीय भाव, विनम्र भएर गरिने स्वागत, सम्मान र सत्कार महँगो पुष्पगुच्छाभन्दा धेरै गुणा ठूलो हुन्छ, महत्त्वपूर्ण हुन्छ । स्वागत र सम्मान भावनाले परिभाषित हुने हो, साधनले होइन, साधना व्याख्या गर्ने विषय हो । सँगसँगै हाम्रो विनयशीलता र विचारको ओजले निर्धारण गर्ने हो ।

अचम्म र आश्चर्यलाग्दो विषय त के छ भने समाज सुधारकको परिचय बनाएका व्यक्तिहरू जो फजुल खर्च हुनुहुँदैन वा गर्नुहुँदैन भनेर सार्वजनिकसभामा धारणा व्यक्त गरिरहेका हुन्छन्, तिनै व्यक्तिको नेतृत्वमा हुने सभा, समारोहको आयोजनामा प्रचुर मात्रामा पुष्पगुच्छा र बुके प्रयोग भइरहेका हुन्छन् । समाज सुधारक, अगुवा भएका कारण उनको नेतृत्वमा हुने सभा-समारोहमा दोसल्ला नहोस्, यो त उनको व्यक्तित्वको बर्खिलाप हुने भो । यसर्थ आफ्नो आयोजनामा हुने कार्यक्रममा जति बढी फूल, पुष्पगुच्छा राख्न सकियो, त्यति बढी सभाको महत्त्व बढ्ने हास्यास्पद सोचबाट पोषित छौं हामी । हो एकथरी सामाजिक अगुवाहरूलाई लागिरहेको होला हामीलाई समाजले सहर्ष स्वीकारेको छ । हाम्रो मूल्य-मान्यता नै सार्वभौम मूल्य-मान्यताको रूपमा स्थापित भइरहेको छ । तर एउटा महत्त्वपूर्ण र विचारणीय कुरा के छ भने समाज भनेको तपाईंले आफ्नो निहित स्वार्थमा परिचालन गर्ने समूह होइन । समाजको विराट् स्वरूप छ, समाज केही व्यक्तिका अघिपछि जयजयकार गरेर हिंड्ने जमात होइन, यो आफैंमा बृहत् न्यायालय हो, जसले धीर, गम्भीररूपले न्याय र अन्याय, सही र गलत, असल र कमसल छुट्याएर निर्णय गर्ने गर्छ । तसर्थ फगत आडम्बरको रामनामी ओढ्न छाड्नुस् । वास्तविक जीवनमा बाँच्ने अभ्यास गर्नु नै जीवनको सार र लक्ष्य हो । उत्कृष्ट स्वागत-अभिवादन पुष्पगुच्छाबाट होइन, हाम्रो शील, स्वभाव र विनम्रताबाट परिभाषित हुन्छ, हाम्रो वैयक्तिक वा संस्थाको शुद्धता, निष्ठापूर्ण संस्थागत चरित्रबाट व्याख्या हुने गर्छ, सँगसँगै सभा-समारोहमा हुने बृहत् वैचारिक विमर्श, चिन्तन र सामाजिक रूपान्तरणका लागि, राष्ट्रिय विकासका लागि हाम्रो योगदान र भूमिका कसरी खर्चिंदै छ, त्यस तत्त्वले निर्धारण गरिरहेको हुन्छ । पुष्पगुच्छा नदिनुस्, दोसल्ला नओढाउनुस् भन्न खोजेको होइन तर जुन परिमाणमा फूल, बुके खर्चिने गरेको छ, त्यसको महत्त्व र उपादेयता कति छ, कुन परिमाणमा छ, त्यसको सार्थक मिमांसा गर्ने कि ? भन्ने अभिप्राय मात्र राख्न खोजिएको हो ।

सामाजिक जीवन, राजनीतिक जीवनमा होस् वा व्यक्तिको जीवनको समग्र कालखण्डमा, जोसुकै व्यक्ति प्रसिद्धि, सम्पन्नता, सफलता चाहन्छ । यो नितान्त स्वाभाविक हो । यो मानिसको अभीप्सा हो । आज विभिन्न सामाजिक परम्पराहरूमध्ये एउटा अभिन्न र अनिवार्य शर्तको रूपमा सभा-समारोहमा कसैलाई दोसल्ला ओढाउनु, ठूलो पुष्पगुच्छा दिनुजस्ता कार्य प्रायः नगरभित्र हुने गोष्ठी, छलफल संस्थाको वार्षिक समारोहमा देख्न सकिन्छ । पङ्क्तिकार यस प्रचलन र परम्पराको विरोधी होइन, तर जिज्ञासावश केही भन्न मन लागेको र समाजलाई सोध्न मन लागेको कुरा के मात्र हो भने हामी जसलाई दोसल्ला ओढाइरहेका छौं, के वास्तवमा ऊ यसको हकदार छ ?

अहिले त दोसल्ला ओढाउने कार्य यति व्यापक भएको छ कि त्यसको विपक्षमा कसैले पनि टिप्पणी गर्‍यो भने अपाच्य र अस्वीकृत हुन्छ । दुःख लाग्छ, दोसल्लालाई हामीले यति हल्का बनाउन थाल्यौं कि विनाऔचित्य जोसुकैलाई ओढाउन प्रारम्भ गर्‍यौं । वीरगंजमा 'रामलालजीको पसल'मा पाइने पाँच सय पर्ने कपडाको टुक्रा हो जस्तो शैलीमा दोसल्ला किन्ने र ओढाउने कार्य भइरहेको देखिन्छ । हुनत वीरगंज मात्रै किन, अन्य शहरहरूको हालत पनि पृथक छैन । सबैतिर दोसल्ला र पुष्पगुच्छा सस्तिंदै छ ।

प्रसङ्ग के मात्र हो भने यस्ता अशोभनीय घटना र कृत्य जुन आयतनमा फैलिरहेको छ, यो रोकिनेवाला छैन, यसको अझ विस्तार हुनेवाला छ । दोसल्ला पाउने, ओढ्ने वा वरण गर्ने क्षमताको मापदण्ड उसको निरन्तर राजनीतिक निष्ठामा निर्भर हुनुपर्छ, सामाजिक जीवनमा उसले गरेको उत्कृष्ट सेवाभावको मूल्याङ्कनमा आधारित हुनुपर्छ र सद्चरित्रता, विनयशीलता, सहिष्णुता, सौहार्दताको घनत्वमा भर पर्ने हुनुपर्छ । यदि स्वभाव, विचार र आचारमा निरन्तरता र निष्ठा छैन भने त्यो व्यक्ति दोसल्ला ओढ्ने ओढाउने काबिल छैन । सम्मानको पात्र पनि होइन । दुर्भाग्यवश आज नेपालमा बेसाहा महँगो छ, परन्तु दोसल्ला नितान्त सस्तो हुँदै जाँदैछ । आदर कदर भन्ने शब्द खिइँदै छ, दुब्लाउँदो छ ।

आफ्नो निष्ठाको निरन्तरताको सहाराले यदि कुनै व्यक्ति सफलताको उच्च शिखरमा पुग्न समर्थ भएको छ भने निश्चय पनि ऊ सम्मानको पात्र हो, त्यस्तो सम्मान प्रदर्शनको परिपाटी हामीले बसाल्नुपर्छ, जुनसुकै क्षेत्रमा पनि जसले विशिष्टता प्राप्त गरेको छ, ऊ आदर एवं कदरको उपयुक्त पात्र हुन्छ । त्यता हाम्रो नजर गएको छैन । निष्ठापूर्वक सम्पन्न गरिएको जागीर होस्, खेलाडी, पत्रकार होस्, किसान वा मजदूर होस्, शिक्षक होस् कि सरसफाइ गर्ने व्यक्ति होस्, यी व्यक्ति सम्मानका दोसल्ला ओढ्ने हकदार हुन्, पुष्पगुच्छाका हकदार हुन् ।

तर प्रशस्ती र प्रशंसाको पगरी बलजफ्ती भिराउने जुन प्रचलन बढिरहेको छ, यसले सामाजिक रूपान्तरणका क्षेत्रमा कुनै योगदान पुर्‍याउने त कुरै भएन, समाजलाई नै हास्यास्पद बनाउँछ । त्यस्तोमा विगतका देनको कदर गर्नुपर्छ । तर त्यति पनि होइन जति आफ्नो संस्थागत स्वार्थपूर्तिका लागि गर्ने गरिन्छ । दोसल्लालाई महँगो बनाऔं, सस्तो होइन ।

# घरको मठमा कीटाणुनाशक तुलसी रोपियो

काठमाडौं, १४ असार/रासस

बहुगुणायुक्त वनस्पति तुलसी कीटाणुनाशक भएकोले घरको मूल ढोकामा हावा आउने गरी मठ बनाएर रोप्ने वैदिक सनातनी हिन्दू परम्परा छ ।

प्रत्येक वर्ष ज्येष्ठ शुक्ल एकादशीका दिन घर-घरमा तुलसीको दल राखिन्छ । आषाढ शुक्ल एकादशीका दिन दलबाट घरको तुलसीको मठमा बिरुवा सारी चार महीनासम्म गरिने विशेष पूजा आराधना आजदेखि शुरू भएको छ ।

आयुर्वेद क्षेत्रमा लामो समय काम गर्दै आएका प्रा डा चन्द्रराज सापकोटा वैज्ञानिक र औषधीय गुणले युक्त भएकोले पुर्खाले घर-घरमा यसको मठ बनाएर पूजा आराधनाको रीति बसालेको बताउँछन् । आफू सिंहदरबार वैद्यखाना विकास समितिको प्रबन्ध निर्देशक भएका बेला विसं २०५५ मा औषधीय गुणले युक्त तुलसीबाट चियासमेत उत्पादन गरेको उनको भनाइ छ ।

"तुलसीको चियाले मानव शरीरका कीटाणु नाश गरी स्वस्थ बनाउने भएकोले दैनिक सेवन गर्नु फलदायी हुन्छ, कोरोना



तस्वीर: रासस

महामारीको सङ्क्रमणदर तीव्र भएका बेला तुलसी, सुठो, पिप्ला, मरिच, त्रिकटुको काँडा बनाएर पिउनेहरू बढेका थिए । कीटनाशक भएकोले पनि वैदिककालदेखि तुलसीको महत्त्व बढेको हो"-प्रा डा सापकोटा भन्छन् ।

हामीकहाँ उपलब्ध वनस्पति र खाद्यान्न स्वास्थ्यसँग सम्बन्धित भएको भन्दै अमृतासमेत भनिने गुर्जो धेरै रोगका लागि लाभदायक रहेको उनको भनाइ छ । सनातन वैदिक परम्परा अनुसार तुलसीलाई भगवान् विष्णुको प्रतीकका रूपमा पनि लिइन्छ ।

आषाढ शुक्ल एकादशीदेखि कार्तिक शुक्ल एकादशीसम्म चार महीना भगवान् विष्णु क्षीरसागरमा शयन गर्ने भएकाले आजको दिनलाई हरिशयनी एकादशी भनिएको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक समितिका सदस्य प्रा डा देवमणि भट्टराईको भनाइ छ ।

भगवान् विष्णु शयन गर्ने चार महीनालाई चतुर्मासा पनि भनिन्छ । यस वर्ष साउनमा अधिकमास परेको कारण चान्द्रमास अनुसार पाँच महीना हुने भएको छ । एक वर्षमा २४ एकादशी पर्छ भने अधिकमास परेको वर्ष २६ वटा एकादशी पर्छ । सबै एकादशीका दिन सक्नेले फलाहार मात्र गरेर व्रत बस्छन् । नसक्नेले चतुर्मासाका चार महीनामा पर्ने आठ एकादशीमा व्रत गर्ने चलन छ ।

कामकाजमा सक्रिय हुनुपर्ने र चार महीनासम्म पनि फलाहार गर्न नसक्नेले भने हरिशयनी एकादशी र हरिबोधिनी

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४८

## अर्थ - उद्योग - वाणिज्य

# कृषि क्षेत्रको विकासबाटै मधेस प्रदेशको समृद्धि

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**हुनत क्रान्तिका धेरै आयाम हुन्छन् । त्यसमा मुख्यतः राजनीतिक क्रान्ति, आर्थिक क्रान्ति, सामाजिक क्रान्ति, सांस्कृतिक क्रान्ति आदि हुन् । कृषि क्रान्ति आर्थिक क्रान्तिको एक अंश हो । कृषि क्षेत्रसँग सम्बन्धित समग्र पक्षको द्रुततर विकास तथा समृद्धि नै कृषि क्रान्ति हो ।**

विगतमा कृषि उत्पादन जीवन निर्वाहका लागि गरिएको भएपनि १९औं र २०औं शताब्दीमा राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक बदलावका कारण कृषि उत्पादनको स्वरूपमा पनि व्यापक परिवर्तन भई अझ परिस्कृत भएको छ । त्यसैले समृद्धिउन्मुख तथा परिवर्तनका सङ्क्रमणकालमा रहेको र अर्थतन्त्रका अन्य बलिया पूर्वाधार नभएको अवस्थामा मधेस प्रदेशको दिगो विकास तथा समृद्धिका लागि कृषि क्रान्ति अपरिहार्य भएको छ। नेपालको कुल भूमिमध्ये २४ प्रतिशत कृषियोग्य छ। तर मधेस प्रदेशको करीब ६९ प्रतिशत भूमि कृषियोग्य छ। सिङ्गो मुलुकमा ६३ प्रतिशत कृषि भूमिमा चिस्यान वा ओसिलोपन छ। तर मधेस प्रदेशमा ९४ प्रतिशत कृषि भूमिमा चिस्यान वा ओसिलोपन छ। यो तथ्याङ्क नै मधेस प्रदेशको विकास र समृद्धि कृषिबाटै हुन सक्छ भन्ने सबल आधार हो ।

हुनत मधेस सरकारले कृषिलाई प्रदेश समृद्धिको पहिलो आधार मानेको छ र त्यस अनुसार योजना कार्यान्वयनमा ल्याएको पनि छ । यसका लागि प्रदेश सरकारले मुख्यमन्त्री किसान उत्थान आयोजना, दूध मिसन कार्यक्रम, नवप्रवर्तन रोजगार कृषि/उद्यमशीलता तथा प्रवर्द्धन, खेतखेतमा सिंचाइ, हातहातमा कामलगायत योजना र कार्यक्रम लागू गरेको छ । भौगोलिक दृष्टिकोणाले सबैभन्दा सानो तर जनघनत्वको हिसाबले सबैभन्दा धेरै मधेस प्रदेशको कुल क्षेत्रफल ९६६१ वर्ग किमी छ । ५४ लाखभन्दा बढी जनसङ्ख्या रहेको यो प्रदेशको जनघनत्व ५५९ प्रतिवर्ग किमी र साक्षरता ४९.५१ प्रतिशत छ। तर विडम्बना यस प्रदेशका लगभग अढाई लाख ऊर्जाशील युवा विभिन्न देशमा आफ्नो श्रम तथा पसिना बगाउन बाध्य छन्। अनुकूल अवस्थामा प्रत्येक दिन दुई हजारको हाराहारीमा नेपाली युवा विदेश पलायन भइरहेका छन्। मुलुकमा व्यापार घाटा बर्सेनि बढ्दो छ। नेपालको ठूलो रकम दैनिक उपभोग्य वस्तुको आयातमा खर्च हुन्छ । यो प्रदेशको परिवेशलाई विश्लेषण गरेर हेर्ने हो भने वैदेशिक रोजगारमा युवाको बढ्दो पलायनका कारण कृषिबाट उच्चतम प्रतिफल लिन सकेको छैन। त्यसैले उत्पादन र रोजगार अभिवृद्धि नगरी प्रदेशमा समृद्धि आउन सक्दैन ।

समृद्धिका आधार धेरै भएपनि यो प्रदेशका लागि एकमात्र आधार कृषि नै हो। समृद्धि ल्याउन कृषिलाई विकासका अवयवहरूसँग जोड्दै केही ठोस र कृषिमैत्री दीर्घकालीन योजना बनाउनुपर्छ। जसले यहाँको युवा आफ्नै प्रदेशको भूमिमा स्वरोजगारी हुन सकोस् । न्यून सिंचाइ सुविधाका बावजूद मधेसमा ४०१.९०६ हेक्टर क्षेत्रफलमा धान उत्पादन हुँदै आएको छ । यो सबै प्रदेशले उत्पादन गरेको धानको क्षेत्रफलभन्दा बढी हो । प्रदेशको उर्वर भूमिलाई पूर्णसिञ्चित बनाउन सकियो भने कुनै पनि युवालाई खाडी मुलुकमा पसिना बगाउनुपर्ने बाध्यता रहँदैन र प्रदेश समृद्धिको बाटोमा लम्कन सक्छ ।

परम्परागत शैलीमैं जीविकोपार्जनका लागि गरिने टुक्रे कृषि प्रणालीबाट प्रदेशको विकास र समृद्धि सम्भव छैन। अहिले कृषि पेशाप्रति आम युवाको आकर्षण छैन। कृषिभन्दा गैरकृषि कार्य तथा वैदेशिक रोजगारतर्फ आकर्षण बढ्दै गएको छ। जुन दिगो विकासका लागि ठूलो बाधक हो। दिगो विकास हुनलाई आफ्नो स्रोत साधन प्रयोग गरी आफ्नो उत्पादन बढाउनुपर्छ। यसले परनिर्भरता हटाउँदै मौलिक स्वरोजगार सिर्जना हुन्छ। विप्रेषणको भरमा प्रदेश वा समाजको अर्थव्यवस्था चल्दैन । समृद्धिका लागि प्रदेशको माटो सुहाउँदो रोजगार सिर्जना गर्नुपर्छ । यसका लागि ठूलो सम्भावना भएको क्षेत्र कृषि नै हो। यसैलाई दृष्टिगत गरेर मधेस प्रदेश सरकारले सप्तरीमा कृषि विश्वविद्यालय स्थापना गरिसकेको छ । हुनत तराई-मधेस नेपालकै अन्नभण्डार हो । त्यसमा पनि मधेस प्रदेशका आठ जिल्ला अन्नबाली उत्पादनमा अब्बल छन्। मधेस प्रदेशको पहिलो आवधिक योजनामा कृषि क्षेत्रको आर्थिक वृद्धिदर केवल ४.३ प्रतिशत थियो। प्रदेश सरकारले आर्थिक वर्ष २०८०-८१ सम्म त्यसलाई बढाएर ७.९ प्रतिशत पुऱ्याउने लक्ष्य लिएको छ । आर्थिक वर्ष २०७५/७६ मा कृषि क्षेत्रको उत्पादन मूल्य १७७.८ अर्ब थियो, २०८०/८१ सम्म २२१.२७ अर्ब पुऱ्याउने लक्ष्य प्रदेश सरकारको छ। मधेस प्रदेशमा २०७५/७६ मा प्रतिव्यक्ति खाद्यान्न उत्पादन १६१.९ प्रतिकिलो थियो। त्यसलाई २०८०/८१ सम्म २०६.६३ प्रतिकिलो पुऱ्याउने, अहिले ४३.२ प्रतिशत कृषियोग्य भूमिमा मात्र दिगो र भरपर्दो सिंचाइ सुविधा रहेकोमा २०८०/८१ सम्म बढाएर ७५.५ प्रतिशतमा पुऱ्याउने योजना प्रदेश सरकारले कार्यान्वयनमा ल्याएको छ ।

मधेस प्रदेशमा प्रतिवर्ष ३५ हजार ५१० मेट्रिकटन खाद्यान्न उत्पादन हुँदै आएको छ । त्यसलाई वृद्धि गर्दै २०८०/८१ सम्म ६६ हजार मेट्रिकटन पुऱ्याउने लक्ष्य छ । सात हजार १५१ हेक्टर जलाशय क्षेत्रफल रहेकोमा २०८०/८१ सम्म बढाएर नौ हजार २०० पुऱ्याउने लक्ष्य प्रदेश सरकारको छ । हाम्रो समाजको परिवेश हेर्दा कृषि गर्न सक्नेसँग जग्गा छैन। जग्गा हुनेलाई कृषि गर्नु छैन। प्रायःजसो कृषिमा लागेकालाई उपलब्धि प्राप्त हुन सकेको छैन। त्यसैले समृद्धिका लागि प्रदेश सरकारको पहिलो दायित्व भनेको नै जग्गा हुने तर खेती गर्न नचाहनेहरूको जग्गा भाडामा लिएर सरकारले ती जग्गालाई पकेट क्षेत्रको रूपमा चक्लाबन्दी गर्नुपर्छ । एक क्षेत्र एक बालीको अवधारणामा कृषि योजना अगाडि बढाउन सकिन्छ । सबै ठाउँमा सिंचाइको पूर्ण व्यवस्था गर्नुपर्छ। व्यावसायिकरूपमा माटो सुहाउँदो बाली लगाउनुपर्छ। हुनत कृषि विकासका लागि प्रदेश सरकारले विनियोजन गरेको बजेट सही ठाउँमा उपयोग नभएको अवस्था छ । प्रभावकारी योजनाको अभाव, भएका राम्रा योजनामा पनि खर्चको दर न्यून हुनु, अनुदानका कार्यक्रम दुरुपयोग हुनुलगायत कारणले कृषि क्षेत्र बिस्तारै कमजोर बन्दै गएको छ। पहुँचवालाले मात्रै पाउने अनुदानको विकृति नरोकिएसम्म कृषकले राहत नपाउने र व्यावसायिक कृषिको कुरा नारामा मात्र सीमित हुने देखिन्छ ।

**आधुनिक प्रविधि र अबको योजना**

आधुनिक प्रविधि प्रयोग गर्नबाट जग्गावाल किसान आर्थिक वा शैक्षिक कारणले वञ्चित छन्। अझै पनि उनीहरू सदियौं पुरानो कुटो, कोदालो र हलो नै प्रमुख कृषि औजारको रूपमा प्रयोग गरिरहेका छन् । जापान, अमेरिका, जर्मनी, अस्ट्रेलिया, ब्रजीललगायत देशले कृषिमा १०.१५ प्रतिशत मानिस मात्र सहभागी हुँदा पनि लगभग ५० प्रतिशतभन्दा बढी कृषिजन्य सामग्री निर्यात गर्न सकेका छन् । यो आधुनिक कृषि प्रणालीबाटै सम्भव भएको हो । पछिल्लो समय आधुनिक कृषि भनिरहे पनि भूगोल अनुसार आधुनिक औजारको उपयोग हुन नसकेको कृषि अनुसन्धान विज्ञहरूको भनाइ छ । त्यसैले मधेस सरकारले कृषिको आधुनिकीकरण, यन्त्रीकरण, व्यवसायीकरण, उद्योगीकरण र रूपान्तरण तथा उत्पादनशील रोजगार र श्रम व्यवस्थापन गर्न कृषिलाई बजेटको पहिलो प्राथमिकतामा राख्न सक्नुपर्दछ । हुनत समयको माग, सरकारी निकायको प्रयास र निजी क्षेत्रको लगानीको कारण यो प्रदेशको केही स्थानमा कृषि यन्त्रीकरणले गति लिन थालेको छ। यी स्थानमा फलामे हलो, ट्याक्टर, पावरटिलर, पम्पसेट, स्प्रेयर, धान, गहुँ चुट्ने थ्रेसर, धान कुट्ने-पिस्ने मिल, तेले पेल्ने मिल, ढुवानीका लागि टेलर आदिको प्रयोग बढ्न थालेका छन् ।

पशुपालनतर्फ विशेषगरी व्यावसायिक गाई-भैंसीपालन, कुखुरापालन, चल्ला उत्पादन, दुग्ध प्रशोधन तथा दुग्धजन्य पदार्थको विविधीकरणमा यन्त्रको प्रयोग बढेको देखिन्छ । कृत्रिम गर्भाधान कार्यका लागि आवश्यक तरल नाइट्रोजनको उत्पादन तथा वितरण, वीर्य सङ्कलन तथा प्रशोधन कार्यका लागि स्वचालित उपकरणको प्रयोग बढिरहेको छ। त्यस्तै, जीरो टिजेल, सिड ड्रिल छर्ने प्रविधिको अनुसरण बिस्तारै बढ्दै छ । पहाडी जिल्लामा मिनिटिलर प्रविधिप्रति कृषकको आकर्षण बढ्दो छ। तर आयातीत यन्त्र तथा उपकरणमा निर्भर हुनुपरेकोले मरम्मतसम्भार, सेवा र पार्टपुर्जा सुलभ नहुँदा यसको प्रभावमा कमी आएको छ। पछिल्लो समय वैदेशिक रोजगारबाट फर्केका युवा पनि आधुनिक कृषि कर्ममा आकर्षित हुन थालेका छन् । बाहिरको सीप र विकासलाई स्थानीय माटोसँग जोड्न युवाहरू आकर्षित हुन थाल्नु राम्रो सङ्केत हो । यसको सरकारले मिहीन अध्ययन गरेर बजारीकरण, अनुदान, उत्साहको वातावरण बनाउन ढिलो गर्नुहुँदैन । भौगोलिक तथा जैविक विविधताजन्य सम्भाव्यता हुनु, पूँजी, प्रेरणा, आत्मविश्वास र उन्नत प्रविधिको ज्ञानसहित विदेशबाट फर्केका युवा कृषि व्यवसायमा आकर्षित हुँदै जानुलगायत विशेषताले आगामी दिनमा कृषि क्षेत्रमा अवसरका ढोकाहरू बिस्तारै खुल्दै गएका छन्। मधेस प्रदेशले मुलुकको राजनीतिक परिवर्तनका लागि पटक-पटक आन्दोलन वा क्रान्ति गरेको इतिहास छ। क्रान्तिलाई सफल बनाउन यहाँका कैयौं धर्तीपुत्र शहीद भएका छन्। हुनत क्रान्तिका धेरै आयाम हुन्छन् । त्यसमा मुख्यतः राजनीतिक क्रान्ति, आर्थिक क्रान्ति, सामाजिक क्रान्ति, सांस्कृतिक क्रान्ति आदि हुन् । कृषि क्रान्ति आर्थिक क्रान्तिको एक अंश हो। कृषि क्षेत्रसँग सम्बन्धित समग्र पक्षको द्रुततर विकास तथा समृद्धि नै कृषि क्रान्ति हो ।

कृषि क्रान्तिका पनि विभिन्न प्रकार छन्: जस्तै हरित क्रान्ति (खाद्यान्न, तरकारी तथा फलफूल उत्पादन), श्वेत क्रान्ति (दुग्ध उत्पादन), लाल क्रान्ति (मासु उत्पादन), सुनौलो क्रान्ति (फलफूल र मह उत्पादन), रजत क्रान्ति (अन्डा र कुखुरा उत्पादन), नीलो क्रान्ति (माछा उत्पादन), पहेंलो क्रान्ति (तेलहन उत्पादन) आदि । कृषि क्रान्ति अन्तर्गतका यी आयामहरूलाई सफल पार्न सक्यौं भने प्रदेशको विकास र समृद्धि हुनेमा कुनै शङ्का छैन । तर यसका लागि उच्च राजनीतिक प्रतिबद्धता र सरकारको अर्जुनदृष्टि यसैतर्फ उन्मुखबाहेकको अर्को विकल्प छैन ।

# प्रत्यक्ष वैदेशिक लगानीलाई प्रवर्द्धन र संरक्षण हुन्छ, लगानी गर्नुहोस् -उपप्रधानमन्त्री श्रेष्ठ

छेन्दु (चीन) १४ असार/रासस

उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले नेपालको लगानी प्रणालीमा उल्लेख सुधार गरी विदेशी लगानीलाई प्रोत्साहन, प्रवर्द्धन एवं संरक्षण गर्ने नीति लिएको जानकारी दिएका छन्। चीनको सिचुवान प्रान्तको छेन्दुमा बिहीवार आयोजित १९औं पश्चिम चीन अन्तर्राष्ट्रिय मेलाको उद्घाटन सत्रमा उनले भने, "प्रत्यक्ष वैदेशिक लगानीलाई मध्यनजर गर्दै नेपालले व्यापार र लगानीमैत्री नीति अवलम्बन गरेको छ, लगानी गर्नुहोस् ।"



तस्वीरः फाइल

नेपालमा लगानीका अवसरबारे जानकारी गराउँदै उपप्रम श्रेष्ठले भने, "हाम्रा कर स्ल्याबहरू सबैभन्दा कम छन्, व्यापारका लागि पनि उपयुक्त वातावरण छ। त्यसैले नेपालको जलविद्युत्, पर्यटन, कृषि, खनिज, खानीलगायतका क्षेत्रमा लगानीका अवसरहरू छन् ।" उनले नेपालको कानूनले लगानीबाट आर्जन गरेको आम्दानीलाई लगानीकर्ताको देशमा लैजानका लागि पूर्णरूपमा अनुमति दिएको पनि स्पष्ट पारे ।

वैदेशिक लगानीका सम्बन्धमा पछिल्लो समय नेपालले लिएको नीतिबारे जानकारी गराउँदै उपप्रम श्रेष्ठले भने, "नेपालमा दर्ता भएका विदेशी कम्पनीहरूले जग्गा खरीद, स्वामित्व लिन र बिक्री गर्न पनि सक्नेछन्, स्वदेशी र विदेशी लगानीलाई कुनै भेदभाव गरेको छैन । निजी उद्योगलाई राष्ट्रियकरण गर्ने नीति पनि छैन ।" पछिल्लो समय सुधार भएका कानूनले व्यवसाय प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान गर्ने विश्वास दिलाउँदै उनले श्रम कानूनलाई सुधारेर कम खर्चिलो जनशक्ति उपलब्ध गराउने नीति लिइएको जानकारी दिए ।

प्रत्यक्ष वैदेशिक लगानी (एफडिआई)को सञ्चालनका लागि प्रक्रियामा सरलता कायम गर्नका लागि आफूहरू गम्भीर भएर लागिपरेको बताउँदै उपप्रम श्रेष्ठले भने, "एफडिआईको स्वचालित स्वीकृतिका लागि आवश्यक नियमहरू विकास गर्दैछौं ।" उनले चीनका साथै सम्मेलनमा सहभागी हुन छेन्दु आएका विदेशी उद्योगी-व्यवसायीलाई नेपालमा रहेको लगानीको अवसरबाट फाइदा लिन पनि आह्वान गरे ।

पछिल्लो समय नेपालमा विकास भएका लोकतान्त्रिक पद्धतिको स्थायित्व र संस्थागत विकासका लागि पनि नेपालमा वैदेशिक लगानी आवश्यक भएको जानकारी गराउँदै उपप्रम श्रेष्ठले भने, "ऐतिहासिक शान्ति प्रक्रिया, लोकतान्त्रिक राजनीतिक परिवर्तन, गणतन्त्र र समाजवादोन्मुख समावेशी लोकतन्त्र स्थापनार्थ जारी संविधान संस्थागत गर्न आर्थिक समृद्धि र विकास जरुरी छ, त्यसका लागि नेपाललाई एफडिआईसहित अन्तर्राष्ट्रिय सहयोगको आवश्यक छ ।"

सम्मेलनमा सहभागीलाई नेपाल भ्रमण गर्न आग्रह गर्दै उपप्रम श्रेष्ठले भने, "नेपालको प्राकृतिक सौन्दर्य, सांस्कृतिक विविधता र नेपालको साहसिक पर्यटनको अनुभव गर्न यहाँहरूलाई आग्रह गर्छु ।" उनले नेपालको वास्तविक प्रकृतिमा रमाउन आग्रह गर्दै भने, "तपाईंहरू नेपालको भव्य हिमालयको अद्भुत दृश्यहरू हेरेर जीवनभरको अनुभव गर्नुहुनेछ ।"

नेपाल-चीनबीचमा शताब्दीऔंदेखि उत्कृष्ट सम्बन्ध र मित्रता रहँदै आएको उल्लेख गर्दै उपप्रम श्रेष्ठले भने, "दुई देश पहाड र नदीले जोडिएका छन्, हामी भौगोलिक निकटता र सांस्कृतिक आत्मीयताले गाँसिएका छौं, हाम्रो असल मित्रता विश्वसनीय छन् ।" नेपाल-चीन एकअर्काको सार्वभौमसत्ता, भौगोलिक अखण्डता र राष्ट्रिय स्वाधीनताको पक्षमा अडिग रहँदै आएको उल्लेख गर्दै उनले भने, "नेपाल एक चीन नीतिप्रति प्रतिबद्ध छ, आफ्नो भूमि चीन र अन्य छिमेकीको हितविरुद्ध प्रयोग हुन नदिनेमा सधैं प्रतिबद्ध छौं ।"

नेपाल-चीनबीच रहिआएको सदियौं पुरानो मैत्रीपूर्ण सम्बन्ध र सहयोगलाई अझ प्रगाढ तुल्याउनका लागि यसलाई विकास र समृद्धिको लागि प्रयोग गर्ने रणनीति अपनाइएको उल्लेख गर्दै उपप्रम श्रेष्ठले भने, "बेल्ट एन्ड रोड इनिसिएटिभ अन्तर्गत ट्रान्स हिमालयन बहुआयामिक कनेक्टिभिटी नेटवर्कमार्फत सम्पर्क सञ्जाललाई विस्तार गर्न हामी लागिपरेका छौं ।"

नेपालको विकासमा चीनले महत्त्वपूर्ण सहयोग पुऱ्याउँदै आएको स्मरण गर्दै उनले भने, "हाम्रो खुशीका लागि चीनले उच्च गुणस्तरीय पूर्वाधार निर्माण, समृद्धिको लागि पहल, मानवता र प्रकृतिबीचको सद्भाव प्रवर्द्धन गर्ने र मानव उन्नति र विकासका नयाँ स्वरूप सिर्जनामा महत्त्व दिएको छ।" उपप्रम श्रेष्ठले नेपालजस्ता विकासोन्मुख देशहरूको क्षमता विकास र समृद्धिसहित आधुनिकीकरणमा चीनले पुऱ्याएको सहयोगको प्रशंसा गरे ।

सिचुवान प्रान्तसँग नेपालको ऐतिहासिक सम्बन्ध रहेको स्मरण गर्दै उपप्रम श्रेष्ठले नेपाल र सिचुआनबीच भूगोल, प्राकृतिक सौन्दर्य, सांस्कृतिक सम्बन्धमा धेरै समानता रहेको बताए । नेपाल र चीनका जनताले बुद्धका शिक्षा र दर्शनलाई उच्च सम्मान गर्ने यथार्थ बताउँदै उनले त्यसले पनि द्विपक्षीय सम्बन्धलाई प्रगाढ तुल्याएको उल्लेख गरे। उपप्रम श्रेष्ठले पछिल्लो समय छेन्दु चीनको प्रवेशद्वार बनेको उल्लेख गर्दै चीनसँगको नेपालको कुल व्यापारको एक तिहाइभन्दा बढी यसै प्रान्तबाट हुने गरेको बताए ।

नेपालका लागि अन्तर्राष्ट्रिय मेला निकै महत्त्वपूर्ण रहेको उल्लेख गर्दै उनले मेलाले नेपालका उत्पादनलाई अन्तर्राष्ट्रिय बजारमा प्रवर्द्धनका लागि महत्त्वपूर्ण

(बाँकी पाँचौं पातामा)

# निकुञ्जमा हुने पर्यटकीय गतिविधिमा रोक




चितवन, १४ असार/रासस

चितवन राष्ट्रिय निकुञ्जले यही असार १६ गतेदेखि निकुञ्जमा हुँदै आएका व्यावसायिक जङ्गल ड्राइभ (सफारी)मा रोक लगाएको छ । वर्षायाममा निकुञ्जभित्रका कच्ची वनपथ बिग्रिने, जङ्गलमा भएका ससाना खोला-खोल्सीमा भल बाढी आउने, रूख लडेर बाटो अवरुद्ध हुने र मानवीय क्षतिसमेत हुन सक्ने भन्दै निकुञ्जले जङ्गल सफारीमा रोक लगाएको हो ।

यससँगै डुङ्गा सञ्चालनजस्ता पर्यटकीय गतिविधिमा समेत रोक लगाइएको निकुञ्ज प्रशासनले जारी गरेको सूचनामा उल्लेख छ। अर्को सूचना जारी नहुँदासम्म सफारीमा रोक लगाइएको हो । निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीका अनुसार सफारीका लागि ६५ जिपले अनुमति लिएका छन् ।

सौराहाबाट ३२, कसराबाट १६ र मेघौलीबाट नौ जिपले अनुमति लिएको उनले जानकारी दिए। यस्तै उजौलीबाट दुई, अमलटारीबाट पाँच र माडीबाट एउटा जिपले निकुञ्जभित्र सफारीका लागि अनुमति लिएका छन् । डुङ्गा सञ्चालनका लागि तीन घाटमा ठेक्का लागेको उनले बताए । राप्ती नदीमा रहेका छ घाटमध्ये तीन घाटबाट मात्र डुङ्गा सफारी हुँदै आएको थियो ।

वर्षात शुरू भएसँगै निकुञ्ज र नदीमा हुने पर्यटकीय गतिविधिमा रोक लगाइएको हो । मध्यवर्ती सामुदायिक वनतर्फ हुने गतिविधिमा भने मध्यवर्ती व्यवस्थापन समितिले निर्णय गर्ने उनले जानकारी दिए। यस क्षेत्रका सामुदायिक वनमा हात्ती सफारी र डुङ्गा सफारी हुँदै आएको छ । निकुञ्जमा यस वर्ष, अहिलेसम्म आएकाभन्दा, बढी पर्यटक छिरेका थिए ।

# राष्ट्रिय प्रसारणमा जोडियो १२६ मेगावाट बिजुली

लमजुङ, १४ असार/रासस

लमजुङस्थित दोर्दी कोरिडोरबाट १२६ दशमलव ८४ मेगावाट बिजुली राष्ट्रिय प्रसारण लाइनमा जोडिएको छ।

डबल सर्किट प्रसारण लाइन सञ्चालनमा आएसँगै यहाँ निर्माण सम्पन्न भएका पाँचवटा आयोजनाबाट सो बिजुली राष्ट्रिय प्रसारण लाइनमा जोडिएको हो। दोर्दी करिडोर प्रसारण लाइन आयोजनाका प्रमुख रमेश पौडेलका अनुसार दोर्दी करिडोर क्षेत्रका आयोजनाको बिजुली प्रसारण पूर्वाधार अभावमा ती आयोजनाको विद्युत् खेर जाने अवस्थामा रहे पनि गत भदौबाट प्रसारण लाइन सञ्चालनमा आएसँगै राष्ट्रिय लाइनमा धमाधम बिजुली जोडिन थालेको छ।

उनले भने, "हालसम्म दोर्दी खोलामा निर्माण सम्पन्न चार आयोजना र चेपोखोलामा निर्माण सम्पन्न एक जलविद्युत् आयोजनाको बिजुली राष्ट्रिय प्रसारण लाइनमा जोडिएको छ।" पिपुल्स हाइड्रो पावर कम्पनीद्वारा निर्माण भएको ५४ मेगावाट क्षमताको सुपर दोर्दी 'ख' आयोजना, हिमालयन पावर पार्टनरले निर्माण गरेको २७ मेगावाटको दोर्दीखोला, लिबर्टी इनर्जी लिमिटेडले निर्माण गरेको २५ मेगावाटको माथिल्लो दोर्दी 'ए' र दोर्दीखोला जलविद्युत्



कम्पनीले निर्माण गरिरहेको १२.१ मेगावाटको दोर्दी–१ जलविद्युत् आयोजना र चेपोखोलामा निर्माण सम्पन्न ८.८३ मेगावाटको चेपोखोला साना जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् चालू आर्थिक वर्षमा राष्ट्रिय प्रसारण लाइनमा जोड्न सफलता मिलेको छ।

ती आयोजनामध्ये यस करिडोरकै सबैभन्दा ठूलो आयोजना सुपर दोर्दी 'ख' आयोजनाले गत महीनाबाट मात्र व्यावसायिकरूपमा बिजुली उत्पादन गरेको छ। आयोजनाका निर्देशक अर्जुनप्रसाद गौतमका अनुसार विसं २०७१ मा विद्युत् खरीद सम्झौता (पिपिए) गरी आयोजना निर्माण विसं २०७२ असोज महीनाबाट शुरू भएको थियो। विसं २०७५ मा निर्माण सम्पन्न गर्दै आयोजनाबाट बिजुली उत्पादन गर्ने भनिए पनि निर्माण अवधि लम्बिँदै आएको छ। सुरुआतमा रु आठ अर्ब ८० करोड लगानी हुने भनिएको आयोजनामा लागत बढेर रु दश अर्ब ५० करोडसम्म खर्च भएको बताइएको छ।

आयोजनामा सानिमा बैंकको अगुवाइमा नौ बैंकले ऋण लगानी गरेका छन्। कुल ७० प्रतिशत ऋण लगानी र बाँकी प्रवर्द्धनको लगानी रहेको छ। आयोजनामा प्रभावित स्थानीयवासीले रु २७ करोड लगानी गरेका छन्। त्यस्तै, २७ मेगावाट क्षमताको बिजुली बेंसीशहर नगरपालिका–११ रामचोकबेंसीमा पावर हाउस रहेको यस आयोजनाले गत भदौ १५ गतेदेखि राष्ट्रिय प्रसारण लाइनमा जोडिएर व्यावसायिकरूपमा बिजुली उत्पादन गर्दै आएको छ।

विसं २०७२ फागुनबाट निर्माण शुरू गरेको यस आयोजनाको निर्माण सम्पन्न भएपछि केही महीनाअघि प्रसारण लाइनमा जोडिएको थियो। आयोजनामा गैरआवासीय नेपाली सङ्घ (एनआरएनए)को ३५ दशमलव सात प्रतिशत, आइएमई ग्रुपको ३४ दशमलव तीन प्रतिशत र ३० प्रतिशत सर्वसाधारणको लगानी रहेको आयोजना प्रमुख मुन्ना शाक्यले बताए। नेपाल विद्युत् प्राधिकरण र कम्पनीबीच विसं २०६९ असार १ गते पिपिए सम्झौता भएको थियो। आयोजना निर्माणमा रु चार अर्ब ८३ करोड लगानी भएको छ।

त्यस्तै, दोर्दी–६ ढोडेनीमा लिबर्टी इनर्जी हाइड्रोपावरद्वारा निर्माण भएको २५ मेगावाट क्षमताको माथिल्लो दोर्दी 'ए' आयोजनाले उत्पादन गरेको विद्युत् दुई साताअघि राष्ट्रिय प्रसारण लाइनमा जडान गरिएको थियो। आयोजनाका प्रवर्द्धक राजेन्द्र वस्तीका अनुसार विद्युत् खेर जाने अवस्थाका कारण निर्माणमा पनि ढिलाइ भएको थियो। तर प्रसारण लाइन बनेपछि काम छिटो सकाइएको हो। आयोजनाको निर्माण विसं २०७१ बाट शुरू भएको थियो।

विसं २०७४ मा निर्माण सम्पन्न गर्ने सम्झौता भएपनि चालू आवमा मात्रै सम्पन्न भएको थियो। आयोजना निर्माणमा रु चार अर्ब ६४ करोड ६१ लाख लगानी भएको छ। त्यस्तै, दोर्दी गाउँपालिका–६ ढोडेनीमा सम्पन्न १२ दशमलव एक मेगावाट क्षमताको दोर्दी–१ जलविद्युत् आयोजनाले पनि विद्युत् उत्पादन शुरू गरेको छ।

विसं २०७४ बाट थालनी गर्दै विसं २०७६ चैत महीनामा पूरा हुने लक्ष्य भएपनि समय थप भएको थियो। आयोजनामा सानिमा बैंकको अगुवाइमा पाँचवटा बैंकले ऋण लगानी गरेको यस आयोजनामा रु दुई अर्बभन्दा बढी लगानी भएको छ। त्यस्तै, चेपोखोला साना जलविद्युत् आयोजना रु एक अर्ब ५० करोडमा निर्माण सम्पन्न भएको छ।

यी आयोजनाबाहेक जिल्लाकै ठूलो तथा पहिलो आयोजना बेंसीशहर नगरपालिका–१ दलालमा रहेको ७० मेगावाट क्षमताको मध्यमर्स्याङ्दी आयोजना, मर्स्याङ्दी गाउँपालिका–६ र ७ मा रहेको ५० मेवागाट क्षमताको माथिल्लो मर्स्याङ्दी 'ए' जलविद्युत् आयोजनालगायतका आयोजनाबाट समेत विद्युत् उत्पादन हुँदै आएको छ। मध्यमर्स्याङ्दी आयोजना सन् २००० मा निर्माण कार्य शुरू भई सन् २००८ मा निर्माण कार्य सम्पन्न भएसँगै आयोजनाबाट विद्युत् उत्पादन थालेको थियो। कुल रु २७ अर्ब २० करोड रुपियाँ लागतमा आयोजना निर्माण भएको थियो।

माथिल्लो मर्स्याङ्दी 'ए' आयोजना सन् २०१३ जनवरीबाट निर्माण थालनी गर्दै सन् २०१७ जनवरीबाट व्यावसायिकरूपमा विद्युत् उत्पादन थाल्दै आएको छ। करीब रु १६ अर्बमा निर्माण कार्य सम्पन्न गर्दै विद्युत् उत्पादन थालेको यस आयोजना चिनियाँ बहुराष्ट्रिय कम्पनी सिनो हाइड्रोको ९० प्रतिशत र नेपाल चितवन कोइ समूह (सगरमाथा हाइड्रोपावर कम्पनी)को १० प्रतिशत लगानी रहेको छ।

माथिल्लो मर्स्याङ्दी 'ए' आयोजना सिनो हाइड्रो–सगरमाथा पावर कम्पनीले निर्माण गरेको हो।

# चलचित्र 'परस्त्री' प्रदर्शनमा

काठमाडौं, १४ असार/रासस

नेपाली चलचित्र 'परस्त्री' नेपाल र भारतमा एकसाथ प्रदर्शनमा आएको छ।




प्रायः शुक्रवार नयाँ चलचित्र प्रदर्शन हुने गरे पनि विशेष कारणले बिहीवार नै प्रदर्शन गरिएको निर्देशक सुरज पाण्डेले जानकारी दिए। "हामीले बिहीवारदेखि नै प्रदर्शनमा ल्याउने निर्णय गरेका हौं। नेपालमा नेपाली र भारतमा हिन्दी भाषामा चलचित्र प्रदर्शन भइरहेको छ"– उनले बताए।

चलचित्र 'परस्त्री' का वितरक करण श्रेष्ठले एक दिन अगाडि प्रदर्शन हुने विषयमा चलचित्र भवनले प्रचार गरिसकेको जानकारी दिए। उनले भने– "विदेशी चलचित्रसमेत बिहीवार नै आउँदैछ। त्यसैले हामीले पनि यहीं समय रोजेका हौं।"

चलचित्रमा कोशिश क्षत्री, शिल्पा मास्के, गौरव विष्ट, एलिसा क्षत्री, अशान्त शर्मा, गीत विष्ट, रामबाबू रेग्मी, सरस्वती अधिकारी, अर्पित न्यौपानेलगायतले अभिनय गरेका छन्। निर्देशक दीपेन्द्रकुमार खनालको लेखन रहेको उत्तल चलचित्रलाई काठमाडौंमा करण श्रेष्ठ र मोफसलमा अशोक शर्माले वितरण गरेका हुन्।

बुधवार साँझ काठमाडौंमा आयोजित विशेष प्रदर्शनीमा चलचित्र हेर्ने कलाकर्मीले सकारात्मक प्रतिक्रिया दिएका छन्। "चलचित्रकर्मीहरूले दिएको प्रतिक्रियाले हामी उत्साहित भएका छौं। अब आम दर्शकहरूबाट आउने प्रतिक्रियाको प्रतीक्षामा छौं"–लेखक खनालले भने। सो चलचित्रको निर्माण शर्मिला पाण्डेले गरेकी हुन्।

# रु दुई अर्ब लगानीमा खुल्यो टायल उद्योग

काठमाडौं, १४ असार/रासस

घर तथा आवासलाई सुन्दर बनाउन हामीले प्रयोग गरेको टायलबाट वार्षिक कति रकम मुलुकबाट बाहिर जान्छ भन्ने अनुमान गर्नुभएको छ? बढ्दो शहरीकरणका कारण परम्परागत तवरले घर निर्माण गर्ने क्रम पनि क्रमशः घट्दै गएको छ।

शहरीकरणका कारण मानिसका आवश्यकता र चाहनामा परिवर्तन भएका छन्। सोही कारण नेपालबाट वार्षिक रु १५ अर्ब बराबरको रकम टायल खरीदका लागि विदेशिने गरेको भन्सार विभागको तथ्याङ्क छ।

यही यथार्थतालाई मध्यनजर गर्दै नेपाली उद्योगी–व्यवसायीले नै देशभित्र अन्तर्राष्ट्रिय गुणस्तरको टायल उत्पादन शुरू गरेका छन्। प्राइम सेरामिक्सले 'प्राइम टायल'को उत्पादन शुरू गरेको छ।

लामो समयदेखि नेपालमा टायल तथा सोही प्रकृतिका सामान आयात गरेर व्यापार गर्दै आएका व्यवसायीहरू आशिष गर्ग, प्रशान्त अग्रवाललगायतले मधेस प्रदेशको रौतटहमा प्राइम सेरामिक्स उद्योग स्थापना गरेका हुन्।

कुल रु दुई अर्ब लगानीमा स्थापना गरिएको उद्योगले हाल तीन सयजनालाई रोजगारसमेत दिएको प्राइम सेरामिक्सका




तस्वीरः रासस

अध्यक्ष गर्गले जानकारी दिए। "अब ट्रेडर्स होइन, उद्योगी बन्नुपर्छ भन्ने सोचका साथ उद्योग स्थापना गरेका हौं। यसमा सरकारको नीतिले पनि साथ दिएको छ," उनले भने, "सानो मात्रामा भएपनि देशभित्रै रोजगार सिर्जना गर्ने र विदेशी मुद्रा स्वदेशमा नै राख्ने उद्देश्य राखिएको छ।"

नेपालमा हाल अधिकांश टायल भारतबाट आयात हुने गरेको छ। नेपाली कला, संस्कृति अनुसारको टायल बनाइने भएकाले आफूहरूको उत्पादनले बजार विस्तारका साथै राष्ट्रिय मर्मलाई समेत सम्बोधन गर्ने उद्योगका प्रबन्ध निर्देशक अग्रवालले जानकारी दिए।

नेपालीको सुन्दर घरको सपनालाई

(बाँकी पाँचौं पातामा)

### प्रत्यक्ष वैदेशिक ...

अवसर प्रदान गर्ने विश्वास व्यक्त गरे। उपप्रधानमन्त्री श्रेष्ठले यस्ता मेलाले जनस्तरको सम्बन्धलाई पनि प्रवर्द्धन गर्ने उल्लेख गरे। नेपालले सन् २०१३ देखि यस मेलामा भाग लिंदै आएको छ।

चीनले आफ्नो समग्र सामाजिक र आर्थिक विकासका साथै प्राविधिक विकासमा फड्को मारेको उल्लेख गर्दै उनले राष्ट्रपति सी जिनपिङको परिकल्पना अनुसार सन् २०४९ सम्ममा चीन पूर्ण विकसित, बलियो र संस्कृतिकरूपमा उन्नत समाजवादी राष्ट्र बन्ने विश्वास व्यक्त गरे।


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

चिकित्सकको नाम सम्पर्क नं. आबद्ध स्वास्थ्य सेवा
१. डा. सागरमान अमात्य ५२१७९६ सर्वोत्तम अस्पताल
२. डा. अशोक दास ५३४४०३ आशाराम हस्पिटल, पानीटङ्की–१०
३. डा. आनन्दकुमार झा ०५१–५३०५२० दसतल्ले भवनको गेटनजिक, बिर्ता
४. डा. श्यामसुन्दर दास
५. डा. प्रवीण सिंह ९८११८४२९४६ ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१–५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१–५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की–१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१–५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१–५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१–५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. शिवकुमार झा (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१–५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. मीता महर्जन झा, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३–५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०२७७७७५३




नवलपुर र चितवन हुँदै बग्ने नारायणी नदी किनारमा तुलसी रोपेर पूजा गर्दै हिन्दू धर्मावलम्बी। भजन कीर्तनसहित घरबाट तुलसीको बिरुवा ल्याएर नदी किनारमा रोपेपछि नदीमा स्नान गर्दै भक्तजनहरूले तुलसीको पूजा गर्दछन्। तस्वीरः रासस

# अन्तर्राष्ट्रिय समाचार

## चीनसँगको सम्बन्ध अतुलनीय– न्युजिल्याण्डका प्रधानमन्त्री



चीनको ग्रेट हल अफ पिपुल्स, बेइजिङमा न्युजिल्यान्डका समकक्षी क्रिस हिपकिन्ससँग वार्ता गर्दै चिनियाँ प्रधानमन्त्री लि क्वाङ । फोटो : सिन्हवा

बेइजिङ, १४ असार/सिन्हवा

चीनसँग सम्बन्ध न्युजिल्यान्डका लागि अतुलनीय महत्त्वपूर्ण रहेको न्यूजिल्यान्डका प्रधानमन्त्री क्रिस हिप्किन्सले बताएका छन्। चीन भ्रमणमा रहेका क्रिसले बेइजिङमा आयोजित कार्यक्रममा बुधवार दुई देशबीच निकै रचनात्मक र सकारात्मक सम्बन्ध रहेको बताएका छन् ।

सिन्ह्वाले सोधेको प्रश्नको उत्तर दिँदै न्युजिल्यान्ड र चीन सम्बन्ध न्युजिल्यान्डका लागि अविश्वसनीयरूपमा महत्त्वपूर्ण रहेको धारणा व्यक्त गरेका हुन् ।

"हाम्रो सम्बन्धलाई हामीसँग सम्झौता भएका क्षेत्र र हाम्रा साझा चासोहरूद्वारा व्यापकरूपमा परिभाषित गर्न सकिन्छ"–उनले भने। कोभिड–१९ को महामारीबाट बाहिर निस्किँदै न्युजिल्यान्डले चीनसँग आर्थिक गतिविधि पुनः स्थापना गर्नु प्राथमिकतामा रहेको हिपकिन्सले बताएका छन्। प्रधानमन्त्री हिपकिन्सले भने–"चीन पहिलेदेखि नै न्युजिल्यान्डको सबैभन्दा ठूलो व्यापारिक साझेदार भएकोले द्विपक्षीय व्यापारलाई अझ विस्तार गर्ने आशा राखेको छ।

चीनसँग व्यापारको दायरा विस्तार गर्ने सम्भावनाबारे उत्साहित हुँदै उनले भने–"द्विपक्षीय शिक्षा सम्बन्ध 'धेरै राम्रो' रहेको र दुई देशबीच शिक्षा सहयोगलाई थप बढावा दिन तत्पर रहनुपर्छ जसबाट दुवै देश लाभान्वित हुन सकून् ।"

"हामी विश्वमा उत्कृष्ट पर्यटकीय अनुभव प्रदान गर्दछौं । हामीसँग सुन्दर देश छ र हामी विश्वभरका मानिसहरूसँग साझेदारी गर्न चाहन्छौं"–हिपकिन्सले भने–"चिनियाँ पर्यटकहरूको सङ्ख्या देखेर हामी धेरै उत्साहित छौं । यो सङ्ख्या निरन्तर बढ्दै गएको छ ।"

प्रधानमन्त्री हिपकिन्स जून २५ देखि ३० सम्म चीनको भ्रमणमा छन् । यस अवधिमा उनले उत्तरी चीनको बन्दरगाह शहर टियाङ्जिनमा समर डाभोस फोरम भनेर चिनिने नयाँ च्याम्पियनहरूको १४ औं वार्षिक बैठकमा भाग लिँदैछन्। रासस

## भारतमा रथको तारसँग ठोकिएर छजनाको मृत्यु, १५ घाइते

नयाँ दिल्ली, १४ असार/सिन्हवा

भारतको उत्तरपूर्वी राज्य त्रिपुरामा बुधवार एउटा रथ ओभरहेड हाइ–टेन्सन तारसँग छोइँदा कम्तीमा छजनाको मृत्यु भएको छ भने अन्य १५ जना घाइते भएका छन् ।

घटना त्रिपुराको राजधानी शहर अगरतलाबाट १२० किलोमिटर उत्तरपूर्वमा उनाकोटी जिल्लाको कुमारघाट क्षेत्रमा भएको हो ।

अधिकारीका अनुसार धार्मिक यात्रामा देवता बोकेको रथलाई भक्तजनले तानेका बेला दुर्घटना भएको हो ।

घाइतेहरूलाई सरकारी अस्पतालमा भर्ना गरिएको छ। प्रहरीले दुर्घटना भएको विषयको छानबीनका लागि मुद्दा दर्ता गरी थप अनुसन्धान शुरू गरेको जनाएको छ । रासस

## घरेलु ऋण पुनर्संरचना योजनालाई अनुमोदन

कोलम्बो, १४ असार/सिन्हवा

श्रीलङ्काको मन्त्रिपरिषद्ले बुधवार घरेलु ऋण पुनर्संरचना योजना स्वीकृत गरेको राष्ट्रपतिको मिडिया डिभिजन (पिएमडी) ले जनाएको छ ।

घरेलु ऋण पुनर्संरचना कार्यक्रम अर्थ मन्त्रालयले प्रस्ताव गरेको र मन्त्रिपरिषद्को विशेष बैठकले सर्वसम्मतिले स्वीकृत गरेको पिएमडीले बताएको छ ।

श्रीलङ्काका राष्ट्रपति रनिल विक्रमासिङ्घेले ऋण पुनर्संरचना प्रक्रियाले बैंकिङ प्रणालीको स्थायित्वमा असर नगर्ने बताएका छन् । अर्थ राज्यमन्त्री रञ्जित सियाम्बलापिटियाले यस अघि संसद्मा घरेलु ऋण पुनर्संरचना गर्दा स्वदेशी ऋणीले लगानीमा पनि घाटा बेहोर्न बाध्य नहुने बताएका थिए । सियामबालापिटियाले ऋणमा अल्पकालीन रोक, ब्याज घटाउने र भुक्तानीमा ढिलाइ पनि घरेलु ऋणको पुनर्संरचना गर्ने उपाय हुन सक्ने बताएका छन् ।

श्रीलङ्काले अप्रिल २०२२ मा विदेशी ऋण तिर्न निलम्बनको घोषणा त गऱ्यो, जुन बेला, स्वतन्त्रता पछिको सबैभन्दा खराब वित्तीय सङ्कटबाट प्रभावित भएको थियो ।

श्रीलङ्काले यस अघि नै अन्तर्राष्ट्रिय मुद्रा कोषसँग प्राप्त कार्यक्रमलाई ध्यानमा राख्दै आफ्नो बाहृय ऋण पुनर्संरचना गर्न थालिसकेको छ ।

### आजको राशिफल

| | |
|---|---|
| मेष – वादविवाद | वृष – यात्रालाभ |
| मिथुन – कडाश्रम | कर्कट – सुसमाचार |
| सिंह – भयचिन्ता | कन्या – विजय |
| तुला – धनलाभ | वृश्चिक – भाग्योदय |
| धनु – अलमल | मकर – धनलाभ |
| कुम्भ – सफलता | मीन – प्रगति |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

## आँखाको ज्योति फर्केपछिको खुशी

– गोपालप्रसाद बराल

महोत्तरी, १४ असार/रासस

"बौवा, बुझायत छल, जे आब बुढारी नर्क भगेल, मुदा, आँइखक रोशनी हमरा नव जिनगी आ भरोसा देलक" (बाबू, लाग्दथ्यो, बुढ्यौली उमेर नर्कजस्तै भएको थियो तर आँखाले ज्योति पाएपछि फेरि नयाँ जीवन पाएको भरोसा जागेको छ) ।



भर्खरै मोतियाबिन्दु शल्यक्रियापछि आँखाको ज्योति फेरि पाएकी महोत्तरीको बर्दिवास नगरपालिका–२ बुद्धचोककी ८४ वर्षीया आद्यादेवी झाले खुशी हुँदै सो कुरा बताइन्।

पछिल्ला पाँच वर्षदेखि मोतियाबिन्दुले आँखा टालिएपछि बाँकी जीवन बोझ भएको ठानेकी उनमा अब फेरि संसार हेर्ने आस जागेको छ। झाको देब्रे आँखाको शल्यक्रिया भएको थियो।

आँखामा मोतियाबिन्दु भएर पछिल्ला पाँच वर्षदेखि वरपर घुमफिर र दिसापिसाब गर्न पनि घरपरिवारका अन्य मानिसको सहाराले चल्नुपर्ने झा यसै असारको पहिलो साता शल्यर्क्रिया सम्पन्न भए यता आफैं हिंडडुल गर्न सक्ने भएकी छन्। "नई सोचल सुख हमरा ई बुढारी में भेटल (मैले नसोचेको सुख यो बुढ्यौलीमा पाएँ) उनले भनिन् ।

झाजस्तै बर्दिवासकै वडा नं १ बस्तीकी ७९ वर्षीया मानकुमारी रानामगर पनि आँखाको शल्यक्रियापछि पट्टि खोल्दा दङ्ग परिन्। "हेर्दाहेर्दै र देख्दादेख्दै आँखा बन्द भए, म त भगवान्सँग पुकारा गर्थे कि चाँडै लैजाउँ भनेर"–उनले भनिन्–"अब आँखा खुल्यो, अझै बाँच्नदेऊ भन्दैछु ।"

सामान्यतया ५० वर्ष उमेर कटेपछि हुने मोतियाबिन्दु र आँखामा मासु पलाउने समस्या बर्दिवास–१ की सैमुम खातुनलाई ३५ वर्षमैं देखियो । लुगा सिउने पेशाकी उनी आँखा बन्द भएपछि जिन्दगीलाई नै धिक्कार्न थालिन्, तर गए साता आँखामा पलाएको मासु शल्यर्क्रिया गरेर फालिएपछि अब फेरि काममा फर्कने उनमा विश्वास जागेको छ ।

झा, राना र खातुनजस्तै बर्दिवास–४ की ७३ वर्षीया बबीमाया मगर, बर्दिवास–१ की ६० वर्षीया बेचनी महरा, बर्दिवास–३ कालापानीकी ६० वर्षीया फूलमाया विक र बर्दिवास–४ का ४४ वर्षीय तिलकबहादुर थापालाई पनि मोतियाबिन्दु र आँखामा मासु पलाएको समस्या शल्यक्रियाबाट निको भएपछि नयाँ जीवन पाएको महसूस भएको छ । "अपरेशनपछि अब भने बाँचिरहुँजस्तो आस जाग्यो, अब लाग्दैछ, यो संसार हामीलाई हेर्नकै लागि हो"–बबीमाया मगरले खुशीका आँसु पुछ्दै भनिन् ।

पछिल्लोपटक बर्दिवास नगरपालिकाको आर्थिक सहयोगमा बर्दिवास आँखा अस्पतालले नगरका ग्रामीण भेगलाई लक्ष्यित गरी गत जेठ अन्तिम सातादेखि सञ्चालन गरेको आँखा जाँच र शल्यक्रियासहितको निश्शुल्क उपचार प्रबन्धले यसपालि नगरका ५२ जनाले गुमेको आँखाको ज्योति पाए ।

"आँइख नई देखै छली त कत्त छि ? कि खाइछि ? कोनो सुधी नई छल" (आँखा नदेख्दा कहाँ छु, के खाँदैछु, केही भेउ पाउँदिनथेँ) अहिले घरमा भेट्न पुग्ने आफन्तलाई बेचनी महराले भनिन्–"डाक्डर आँइखक पट्टि खोइल देलन, आब हरकुछके चाह सेहो बढल" (डाक्टरले आँखाको जालो हटाइदिनुभयो, अब देखेजति सबै कुरामा चाह बढ्न थाल्यो) ।

नगरको ग्रामीण भेगका गरीब बस्तीमा मोतियाबिन्दु र आँखामा मासु पलाउने समस्याका बिरामी बाक्लै देखिएपछि यसपालि नगरपालिकाले आँखाको जाँच, औषधि, चश्मा र शल्यक्रियासमेतको खर्च बेहोर्ने प्रतिबद्धता जनाएर बर्दिवास आँखा अस्पताललाई यसमा प्रबन्ध गर्न जिम्मा दिएको थियो। नगरका ग्रामीण भेगका छ ठाउँमा सञ्चालित आँखा जाँच शिविरमा ३८०० जनाको आँखा जाँच गरिएको उक्त अस्पतालका सञ्चालक अध्यक्ष मुकुन्दप्रसाद पौडेलले जानकारी दिए । शिविरमा शल्यक्रियाका अतिरिक्त ६०० जनालाई आँखामा लगाउने र खाने औषधि र २७८ जनालाई चश्मा उपलब्ध गराइएको अस्पतालले जनाएको छ । नगरभित्र सञ्चालित शिविरमा शल्यक्रिया गर्नपर्ने ठहर भएका ४४ को शल्यक्रिया गर्न बाँकी रहेको अध्यक्ष पौडेलले जानकारी दिए ।

आँखा जाँच र शल्यक्रिया हिमालयन आई केयर फाउन्डेशनका अध्यक्ष तथा वरिष्ठ आँखारोग विशेषज्ञ डा दीपक खड्का नेतृत्वको टोलीले गरेको थियो । विसं २०६३ मा स्थापित उक्त अस्पतालले पछिल्लो १० वर्षयता विभिन्न सामाजिक सङ्घसंस्था र निकायको सहकार्यमा आँखाका जटिल समस्या पहिचान, जाँच र शल्यक्रियासहित आवश्यक उपचार गर्दै आएको छ ।

## ललिता निवास प्रकरण : आरोपी तीनजनाद्वारा बन्दी प्रत्यक्षीकरणको रिट दर्ता

काठमाडौं, १४ असार/रासस

ललिता निवासको जग्गा हिनामिना




प्रकरणमा पक्राउ परेका चारमध्ये तीनजना बन्दी प्रत्यक्षीकरणको रिट लिएर सर्वोच्च पुगेका छन् ।

सर्वोच्च अदालतका प्रवक्ता विमल पौडेलले तीनजनाले बन्दी प्रत्यक्षीकरणको रिट दर्ता गरेको जानकारी दिए। उनका अनुसार यसरी रिट लिएर जानेमा पूर्वनिर्वाचन आयुक्त सुधीरकुमार शाह, भाटभटेनी सुपर मार्केटका सञ्चालक मीनबहादुर गुरुङ र मालपोत कार्यालयका पूर्वकर्मचारी धर्मप्रसाद गौतम रहेका छन् । उक्त रिटमाथि शुक्रवार सुनुवाइ हुने जनाइएको छ ।

अर्का गोपाल कार्कीसहित उनीहरूलाई यही असार १२ गते प्रहरीले पक्राउ गरेको थियो ।

यही १३ गते अदालतमा पेश गरिएकामा काठमाडौं जिल्ला अदालतले सात दिन हिरासतमा राखेर अनुसन्धान गर्न प्रहरीलाई अनुमति दिइसकेको छ ।

सर्वोच्चबाट स्टेअडर ल्याएको पाइएपछि पक्राउ परेकामध्ये कलाधर देउजा, सुरेन्दमान कपाली र हुपेन्दमणि केसीलाई कागज गरेर छाडिएको छ । विसं २०४९ देखि २०६९ सम्ममा सरकारको स्वामित्वमा रहेको बालुवाटारस्थित ललिता निवासको जग्गा विभिन्न व्यक्तिका नाममा नामसारी भएको फेला परेको थियो । सोही प्रकरणमा प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले अनुसन्धान गरिरहेको छ ।

### रू दुई अर्ब लगानी ...

साकार पार्ने तथा नेपाली उत्पादनलाई प्रवर्द्धन गर्ने लक्ष्य राखिएको जानकारी दिंदै उनले प्राइम सेरामिक्स उद्योगको दैनिक डेढ लाख वर्ग फिट टायल उत्पादन क्षमता रहेको बताए ।

नेपाली माटो, नेपाली सिमेन्टलगायत झन्डै ५० प्रतिशत कच्चा पदार्थसमेत आन्तरिक नै प्रयोग हुने भएकाले विदेशी टायलभन्दा सस्तो पर्ने समेत प्रबन्ध निर्देशक अग्रवालको भनाइ छ। रौतटहको वृन्दावन नगरपालिका–६ मा १० बिघा क्षेत्रफलमा स्थापित उद्योग स्थापना गर्नुको पछाडि दुई दशकदेखि नै टायल व्यापारको अनुभवले पनि काम गरेको उनको भनाइ छ ।

उद्योगले टायलको आयात प्रतिस्थापन गर्ने, विदेशी मुद्रा बाहिरिनबाट रोक्ने, रोजगारको सिर्जना गर्ने उद्देश्य लिएको अध्यक्ष गर्गको भनाइ छ । ऊर्जा उद्यमीसमेत रहेका गर्गले आन्तरिकरूपमा उत्पादन बढाउने सरकारको नीति भएपनि व्यवसायीलाई थप सहजीकरण गरिदिन सरकारसँग माग गरे ।

### घरको...

एकादशीका दिन फलाहार गरी व्रत बस्ने गर्छन् । यी दुवै एकादशीलाई ठूलो एकादशी भन्ने प्रचलन छ ।

हरिशयनी एकादशीका अवसरमा आज बिहानैदेखि राजधानीको बूढानीलकण्ठ, उपत्यकाका चार नारायणलगायत देशभरका नारायण एवं विष्णु मन्दिरमा भक्तजनको भीड लागेको छ । चतुर्मासाभर देशभरका नारायण मन्दिरमा भक्तजनको विशेष भीड लाग्ने गर्छ ।

एकादशीका दिन विशेषगरी चामलबाट बनेका परिकार नखाने रोटी, ढिंडोलगायत फलाहार गर्ने गरिन्छ । वैज्ञानिकरूपमा पनि बढी अक्सिजन पाइने भएको तुलसी विभिन्न रोगका लागि औषधीका रूपमा प्रयोग गरिन्छ ।

तुलसीको मठ भएका स्थानमा रोग सार्ने विषालु प्रकारका कीटाणु नआउने विश्वाससमेत गरिन्छ। वास्तु दोष भएका स्थानमा तुलसीको मोठ राख्नाले वास्तु दोष निवारण भई सकारात्मक फल प्राप्त हुने मान्यता छ। तुलसी भएका स्थानमा शुद्ध हावा बहने तथ्यसमेत वैज्ञानिकरूपमा पुष्टि भएको छ।

चार महीनासम्म विधिपूर्वक पूजा आराधना गरिएको तुलसीलाई कार्तिक शुक्ल एकादशी अर्थात् हरिबोधिनी एकादशीका दिन दामोदरसँग विवाह गरिदिने वैदिक विधि छ । तुलसी र दामोदरको विधिपूर्वक विवाहपछि अग्निस्थापना विधिबाट पूजा आराधनासहित चतुर्मासा व्रतको उद्यापन गरिन्छ । उद्यापनका लागि मार्गशीर्ष कृष्ण पञ्चमीका दिनसम्म जुराउनु नपर्ने र त्यसपछि भने अग्निस्थापना जुरेका दिन हवन गरी तुलसीको व्रत समापन गर्ने शास्त्रीय विधान छ ।



**चालकको जिन्दगी:** महेन्द्र राजमार्गको १३ किलोमिटर सडकछेउमा ट्रक रोकेर खाना पकाएर खाँदै चालक–सहचालकहरू। यसरी आफैंले पकाएर खाँदा पैसाको बचत हुने गरेको छ। विराटनगरबाट नेपालगंजको गन्तव्य रहेको एकजना चालकले बताएका छन्। तस्वीरः जीतलाल श्रेष्ठ

# महिलाको नीतिगत तहमा पहुँच बढाउन महिला सांसद एकजुट हुनुपर्छ

काठमाडौं, १४ असार/

महिलाको नीतिगत तहमा पहुँच वृद्धि गर्नका लागि सबै महिला सांसद एकजुट हुनुपर्नेमा सङ्घीय महिला सांसदहरू सहमत भएका छन्।

राष्ट्रिय महिला आयोगद्वारा बिहीवार आयोजित ‘महिलाको नीतिगत तहमा पहुँचसम्बन्धी सङ्घीय महिला सांसद र समितिका सभापतिसँग अन्तर्क्रिया’ कार्यक्रममा उपस्थित सांसदहरूले नीतिगत तहमा आफूहरूको उपस्थिति पर्याप्त नभएको भन्दै जुनसुकै राजनीतिक दलबाट प्रतिनिधित्व गरे पनि महिलाको मुद्दामा सबै एक ठाउँमा उभिनुपर्ने सहमति जनाएका हुन्।

उपसभामुख इन्दिरा रानाले महिलाको नीतिगत तहमा पहुँच पुऱ्याउन महिला सांसदहरू एक ठाउँमा उभिनुपर्ने बताइन्। उनले सबै महिला सांसदलाई एकीकृत हुन आह्वान गर्दै भनिन्, “जुनसुकै पार्टीबाट आए पनि एक शक्तिका रूपमा उभिनुपर्छ। हामी एकीकृत हुनु आवश्यक छ।”

कार्यक्रममा प्रतिनिधिसभाको महिला तथा सामाजिक समितिका ज्येष्ठ सदस्य रोशन कार्कीले निर्वाचनमा महिला उम्मेदवारका लागि मात्र छुट्टै निर्वाचन क्षेत्र तोक्न आवश्यक रहेको बताए। “समानुपातिक सहभागिताले मात्र पुग्दैन। महिला उम्मेदवारबीच मात्र प्रतिस्पर्धा हुनेगरी निर्वाचन क्षेत्र तोक्नुपर्छ,” उनले भने।

सांसद डा तोशिमा कार्कीले महिलाको समान सहभागिताका लागि एकमत हुनुपर्ने बताउँदै भनिन्, “समान सहभागिताका लागि दलभित्रैबाट क्रान्ति शुरू गरौं। ३३ प्रतिशतमा खुम्चिने होइन, ५० प्रतिशत पुऱ्याउन नयाँ विधेयक लगौं।”

सांसद सम्झना थपलियाले समेत महिलाको नेतृत्व निर्णयमा एक हुनुपर्नेमा जोड दिइन्। अर्का सांसद नगिना यादवले राजनीतिक दलको विधानमा महिला सहभागितालाई प्राथमिकता दिए पनि व्यवहारमा सो कार्यान्वयन नभएको बताइन्। “सबै पार्टीको विधानमा ३३ प्रतिशत व्यवस्था छ। तर महिलाको उपस्थिति पहुँचसँगै नियन्त्रणविहीन छ,” उनले भनिन्, “महिला आयोगले निर्वाचनअघि राजनीतिक दललाई महिला उम्मेदवार उठाउने विषयमा सचेत गराइरहनुपर्छ।”

सांसद डा चन्दा कार्कीले उम्मेदवारीदेखि सदनमा पुग्दासमेत महिला नेतृत्वको क्षमतामा प्रश्न उठाइने गरेको बताइन्। उनले भनिन्, “निर्वाचनमा टिकट दिने बेला महिलाको क्षमतामा प्रश्न गरिन्छ। सदनमा बोल्नेदेखि अघिल्लो सिटमा बस्ने पनि पुरुष सांसदकै बाहुल्य छ।”

सांसद रमा कोइरालाले राजनीतिक दल र सदनमा महिला नेतृत्वले राज्यको चौतर्फी क्षेत्रमा रहेका महिलाको अवस्थामा सुधार आउनुपर्ने बताइन्। उनले भनिन्, “राष्ट्रपति र प्रधानन्यायाधीश महिला बन्नुभयो। तर देशका कति महिलाको अवस्थामा सुधार आयो ? कति महिलाले रोजगार पाए र कति महिला नेतृत्व तहमा हुनुहुन्छ ? सोच्न आवश्यक छ।”

सांसद प्रतीक्षा तिवारीले महिलाको ५० प्रतिशत अनिवार्य सहभागिताका लागि पहल गर्नुपर्नेमा जोड दिइन्। सांसद विद्या भट्टराईले लैङ्गिक मुद्दालाई मूल धारमा लान सबै महिला सांसद एकमत हुनुपर्ने भन्दै आर्थिक सशक्तीकरणमा जोड दिइन्। उनले भनिन्, “आर्थिक सशक्तीकरणबाट महिला सशक्तीकरण सम्भव छ। हाम्रा अधिकार सुनिश्चित गर्न हामी नै अघि बढ्नुपर्छ।”

अन्तर्क्रियाका क्रममा राष्ट्रियसभा सदस्य कमला पन्तले अग्रज महिला नेतृत्वबाट अहिलेको महिला हकअधिकार प्राप्त भएको स्मरण गर्दै यथावत् विभेदको अन्त्य गर्न सबै एकजुट हुनुपर्ने बताइन्।

### वीरगंज भन्सार ....

छ भने अन्य कोइला १.३८, भटमासको कच्चा तेल ३४.४८, लुब्रिकेटिङ आयल ७.७८, चकलेट ९.४८ प्रतिशत, मोटरसाइकल (अनएसेम्बल) ६५.३४ प्रतिशतले आयातमा गिरावट आएको वीरगंज भन्सारको तथ्याङ्कले देखाएको छ।

परिमाण र राजस्व बढाउने मालवस्तुमा एचआर सिट, विद्युत्बाट सञ्चालित जीप, कार, भ्यान, शृङ्गार सामग्री, बस, ट्रकका चेसिस, तयारी कपडा, सूर्यमुखीको कच्चा तेल, बिटुमिन, एलोपैथिक औषधिलगायत रहेका छन्।






# खेलकूदको संसार

## बारा फूटबल सङ्घ फाइनलमा प्रवेश

प्रस, वीरगंज, १४ असार/

सिमरामा जारी दोस्रो रामनारायण मिश्र फूटबल प्रतियोगिताको फाइनलमा बारा जिल्ला फूटबल सङ्घ प्रवेश गरेको छ।

बुधवार भएको पहिलो सेमिफाइनलमा सिराहालाई पराजित गर्दै बारा फाइनलमा प्रवेश गरेको हो। बाराले सिराहालाई ६–३ ले गोलअन्तरले पराजित गरेको थियो। बाराका सागर चौधरी र नीरज थापामगरले दुई/दुई गोल गरे भने सुशान्त चौधरी र उदीत चौधरीले एक/एक गोल गरेका थिए।

सिराहाका लागि बिनु मगर, अमन हमाल र सुजन मगरले एक/एक गोल गरेका थिए। खेलको ‘म्यान अफ दी म्याच’ बाराका सागर चौधरी घोषित भए। उनलाई वडा सदस्य अमन लामाले नगद दुई हजार पाँच सयसहित ट्रफी प्रदान गरेका थिए।

यसअघि बुधवार भएको पहिलो खेलमा महोत्तरीलाई ५–२ गोलअन्तरले पराजित गर्दै सर्लाही सेमिफाइनलमा प्रवेश गरेको छ। सर्लाहीका अनिल मगरले ह्याट्रिक गरेका थिए। सर्लाहीका सागर स्याङ्तान र सविन स्याङ्तानले एक/एक गोल गरेका थिए।

महोत्तरीका लागि निशान्त आले र कृष्ण राणाले एक/एक गोल गरेका थिए। बिहीवार रौतहट र सर्लाहीबीच दोस्रो सेमिफाइनल खेल हुँदैछ। विजेताले बारा जिल्ला फूटबल सङ्घसँग उपाधिका लागि असार १६ गते फाइनल खेल्नेछ।

मधेस प्रदेश फूटबल सङ्घको आयोजना तथा बारा जिल्ला फूटबल सङ्घको सहआयोजनामा असार ११ गतेदेखि प्रतियोगिता शुरू भएको थियो। प्रतियोगितामा आठ जिल्लाको सहभागिता छ। प्रतियोगिताको विजेताले ५० हजार, उपविजेताले ३० हजार र तेस्रो हुने टीमले २० हजार नगद प्राप्त गर्नेछन्।

## फिफा वरीयतामा नेपाल एक स्थान तल झऱ्यो

काठमाडौं, १४ असार/रासस

विश्व फूटबलको सर्वोच्च निकाय फिफा वरीयतामा नेपाल एक स्थान तल झरेको छ। फिफाले बिहीवार सार्वजनिक गरेको नयाँ वरीयता अनुसार नेपाल १७५औं स्थानमा झरेको हो। यसअघि नेपाल १७४औं स्थानमा थियो।

दक्षिण एशियाली राष्ट्रमा भारत अग्रस्थानमा छ। भारत १००औं स्थानमा छ। यस्तै, माल्दिभ्स १५४औं स्थानमा यथावत् रहँदा भुटान एक स्थान सुधार गर्दै १८४औं स्थानमा उक्लेको छ। यसैगरी, बङ्गलादेश १९२औं स्थानमा यथावत् छ भने पाकिस्तान २०१औं स्थानमा झरेको छ। श्रीलङ्का २०७औं स्थानमा छ।

विश्व वरीयतामा अर्जेन्टिना शीर्ष स्थानमा यथावत् छ भने फ्रान्स दोस्रो रहेको छ। त्यस्तै ब्रजील तेस्रो, इङ्गल्यान्ड चौथो तथा बेल्जियम पाँचौं स्थानमा छन्।

# देशभरका १४० स्थानीय तह प्रमुख प्रशासकीय अधिकृतविहीन

काठमाडौं, १४ असार/रासस

देशभरका ७५३ स्थानीय तहमध्ये करीब १४० स्थानीय तह अहिले प्रमुख प्रशासकीय अधिकृतविहीन छन्। जनताको सबैभन्दा नजीकको सरकार स्थानीय तहमा जाने कर्मचारीको चरम अभाव देखिएपछि ती स्थानीय तह प्रमुख प्रशासकीय अधिकृतविहीन हुन पुगेका छन्।

प्रमुख प्रशासकीय अधिकृतको अभावमा कतिपय स्थानीय तहले आगामी आर्थिक वर्षको बजेटसमेत ल्याउन सकेका छैनन्। बजेट निर्माण र कार्यान्वयनमा प्रमुख भूमिका रहने प्रमुख प्रशासकीय अधिकृतसहितका जनशक्ति नै पर्याप्त नभएको भन्दै स्थानीय तहले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका अतिरिक्त गाउँपालिका महासङ्घ र नगरपालिका सङ्घमा गुनासो गर्ने गरेको बताइएको छ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका अनुसार ४४ नगरपालिका र ९६ वटा गाउँपालिकाले बजेट ल्याउँदा निमित्त प्रमुख प्रशासकीय अधिकृत नगर तथा गाउँसभाको सचिव बन्नुपरेको थियो। सङ्घीय तहमा उपसचिव र अधिकृत उपलब्ध नभएका कारण स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत पठाउन नसकिएको मन्त्रालयस्थित स्थानीय तह कर्मचारी प्रशासन शाखाका उपसचिव खिलराज राईले जानकारी दिए।

उनका अनुसार प्रमुख प्रशासकीय अधिकृत नभएको ठाउँमा मन्त्रालयले कार्यपालिकाको सिफारिशमा त्यहींको ज्येष्ठ कर्मचारीलाई निमित्त तोकिएको र सङ्घमा भएका झन्डै एक सय कर्मचारीलाई स्थानीय तहमा पठाइएको छ।

स्थानीय तहमा चाहिने प्रमुख प्रशासकीय अधिकृत सङ्घले पठाउने तथा अन्य कर्मचारी भर्ना गर्न प्रदेश सरकारले लोकसेवामार्फत पदपूर्ति गर्नुपर्ने भएपनि त्यो गर्न नसकिएका कारण समस्या भएको उनको भनाइ छ।

# पर्सागढी र बहुदरमाईमा बकरीद मनाइँदै



तस्वीरः प्रतीक

प्रस, पर्सागढी, १४ असार/

पर्सागढी र बहुदरमाई नगरपालिकाका मुस्लिम धर्मावलम्बीहरूले बकरीद मनाएका छन्। बिहीवार बिहानको नमाज पढेर उनीहरूले बकरीद पर्व मनाउन शुरू गरेका हुन्।

मुस्लिम समुदायका पैगम्बर हजरतले आफ्नो प्रिय वस्तु कुर्बानी गरेको दिनलाई सम्झिएर उनीहरूले यो पर्व मनाउने गर्छन्। आर्थिकरूपमा सबल हुनेले घरको सम्पूर्ण परिवारका नाममा कुर्बानी गर्छन् भने नसक्नेहरूले अभिभावकको नाममा कुर्बानी गर्छन्।

बकरीद पर्व तीन दिन मनाउने गरिन्छ। आजकै दिन मुस्लिम समुदाय हज गर्न साउदी अरबको मक्का मदिना जाने गर्छन्।

कुर्बानी गरेको मासुको तीन भाग गरी एक भाग आफूले राख्ने, एक भाग गरीब र एक भाग इष्टमित्रलाई दिने गर्छन्। नेपाल, भारत, पाकिस्तान, बङ्गलादेशलगायत विश्वभरि मुस्लिम समुदायले आज हर्षोल्लासका साथ ईद मनाइरहेका छन्।

# भारी वर्षाको सम्भावना

काठमाडौं, १४ असार/रासस

मनसुनी वायुको प्रभावले देशभर बदली रहनुका साथै केही स्थानमा हावाहुरीसहित भारी वर्षाको भएको छ।

जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका अनुसार देशभर आंशिकदेखि सामान्य बदली रही कोशी, बाग्मती, गण्डकी, लुम्बिनी र कर्णाली प्रदेशका थोरै स्थानमा र बाँकी प्रदेशका एक/दुई स्थानमा हल्कादेखि मध्यम वर्षा भएको छ।

महाशाखाका मौसमविद् बिनु महर्जनका अनुसार काठमाडौं उपत्यकमा आज राति र भोलि हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ।

आज राति कोशी, मधेस, बाग्मती, गण्डकी र लुम्बिनी प्रदेशका केही स्थानमा तथा बाँकी प्रदेशका थोरै स्थानमा मेघगर्जन तथा चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ।

लुम्बिनी, गण्डकी र बाग्मती प्रदेशका धेरै स्थानमा तथा बाँकी प्रदेशका केही स्थानमा हावाहुरीको सम्भावना रहेको महाशाखाद्वारा जारी बुलेटिनमा उल्लेख छ।

हावाहुरीसहित वर्षाका कारण सडक तथा हवाई यातायात, स्वास्थ्य, कृषि, पर्यटनलगायत क्षेत्र प्रभावित हुन सक्ने भन्दै महाशाखाले आवश्यक सतर्कता अपनाउन अनुरोध गरेको छ।

# तीन थान सालको गोलिया बरामद

प्रस, पंचगावाँ, १४ असार/

डिभिजन वन कार्यालय रङ्गपुरटाँडीले सालको तीन थान काँचो गोलियासहित तीनवटा साइकल नियन्त्रणमा लिएको छ।

जमदार अर्जुन चौधरीको नेतृत्वमा खटेको वन गस्ती टोलीले बिहीवार बिहान तीन थान सालको काँचो गोलियासहित तीनवटा साइकल बरामद गरेको हो।

राष्ट्रिय वनजङ्गलबाट अवैधरूपमा काँचो सालको रूख कटान गरी गोलिया बनाएर सखुवाप्रसौनी गाउँपालिका–३ कौवावनस्थित चिरान मिल र फर्निचर उद्योगमा लैजाने क्रममा रङ्गपुरटाँडीबाट करीब १५ क्युफिट काठ र साइकल बरामद भएको रेन्जर कपिलदेव यादवले बताए। वन गस्ती टोलीलाई देखेपछि तस्करहरू फरार भएको उनले बताएका छन्।


## चट्याङको समयमा सतर्क रहौं।

**चट्याङबाट बच्ने उपायः**

- बिजुली चम्केको बेला सतर्क रहने,
- विद्युतीय तरङ्ग टिप्न सक्ने फलाम, चीसो वस्तु नछुने,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्ने,
- खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने,
- सकभर अग्लो स्थानमा नबस्ने,
- धातुका ह्यान्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड